# संघीय संसद

# राष्ट्रिय सभा

# पन्ध्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ११ फागुन २०८०

# शुक्रबार

# बैठक सङ्ख्या- ६

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू राष्ट्रिय सभाको आजको बैठकको कार्यबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। माननीय जगतबहादुर पार्की समय ११ मिनेट। यसपछि माननीय तुलसा कुमारी दाहाल ।

(१३:०४ बजे) **माननीय श्री जगतबहादुर पार्की (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय सभाध्यक्षज्यू, माननीय सदस्यज्यूहरू, सर्वप्रथम त म सम्माननीय सभाध्यक्षज्यूले म यो राष्ट्रिय सभाको एउटा गरिमामय सदनमा एउटा दलको तर्फबाट मलाई समय उपलब्ध गराउनु भएकोमा म उहाँलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । माननीय सदस्यज्यूहरू १० वर्षको महान् जनयुद्ध, त्यसपछिको १९ दिनको ऐतिहासिक जनआन्दोलनबाट हामीले देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरेका छौं। संविधानसभाको निर्वाचन मार्फत र यो देशमा संविधानसभाको निर्वाचन को चुनाव हामीले दुईपटक गरेर हामीले बल्ल

देशमा संविधान सभा मार्फत संविधान निर्माण गर्यौं। संविधान निर्माण गरिसकेपछि त्यसपछिको राष्ट्रलाई एउटा स्थायित्व, शान्ति र समृद्धिको दिशातिर अगाडि बढाउनको लागि एउटा स्थायी सरकारको आवश्यकता हुन्थ्यो। र तत्कालीन रूपमा नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र र नेकपा एमाले मिलेर हामीले बाम गठबन्धन गर्यौं र २०७४ मा नेपाली जनताले त्यो बाम गठबन्धनलाई, त्यो बाम गठबन्धनलाई झन्डैझण्डै एउटा दुई तिहाइको अवस्थामा पुर्यायो। र नेपाली जनताले र राष्ट्रले के अपेक्षा गरेको थियो भने त्यो बाम गठबन्धनले नेपाली जनताका आधारभूत समस्या समाधान गर्नेछ। संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नेछ। राज्य व्यवस्थालाई अझ तपाईंको मजबुत बनाएर, देशमा शान्ति स्थापना गरेर राष्ट्रलाई एउटा समृद्धिको दिशातिर अगाडि बढाउनेछ भन्ने एउटा अपेक्षा गरेका थिए। तर दुर्भाग्य त्यो बाम गठबन्धन लामो समयसम्म टिक्न सकेन । तत्कालीन नेतृत्वमा रहेको सरकारको नेतृत्व र पार्टीको नेतृत्वमा रहेको जुन व्यक्ति हुनुहुन्थ्यो उहाँको अहमताको कारणले गर्दाखेरि उहाँले संसद विघटन गर्नुभयो। दुई-दुई पटक संसद विघटन गर्नुभयो र त्यो समृद्धिको यात्रा रोकिने अवस्थामा पुग्यो र त्यही बिन्दुमा नेपालमा दुईवटा प्रवृत्तिहरू देखा परे। एउटा प्रवृत्ति भनेको अब पुराना पार्टीहरूले केही पनि सक्दैनन् नयाँ पार्टीहरू देशमा जन्मिनुपर्छ भन्ने कुरा पनि त्यही बिन्दुमा, त्यही पृष्ठभूमिमा देखा पर्यो। भने अर्को कुरा यो व्यवस्था नै असफल हो। यो व्यवस्था गलत हो यो व्यवस्थाले नेपाली जनताको समस्या समाधान गर्न सक्दैन भनेर अर्को चाहिँ फेरि राजाहरू देश बचाऊ भन्ने खालको एउटा स्वरहरू पनि त्यही बिन्दुबाट देखा परे । यदि त्यतिबेला त्यो संसद विघटन नगरिदिएको भए पार्टीको आन्तरिक किचलोको कारणले गर्दाखेरि त्यो संसद विघटन नभएको भए सायद देशले आज एउटा फड्को मार्ने अवस्थामा देश पुग्थ्यो होला। र आज संघीय यो जुन नयाँ गठबन्धन बनेर सरकार सञ्चालन भइरहेको छ तर ती साथीहरूले आज यो सरकारको विरोध गरिराख्नुभएको छ कि यो सरकारले केही पनि गर्न सकेन भनेर उहाँहरू विरोध गरिराख्नुभएको छ । मैले एउटा कुरा म चाहिँ कस्तो मान्छे पर्यो भने म भाषण पनि धेरै गर्न जान्दैन कुरामा भन्दा म काममा विश्वास गर्ने मान्छे कुरा थोरै गर्नुपर्छ र काम धेरै गर्नुपर्छ। कुराबाट होइन कि मान्छेलाई काममा, कामबाट विश्वास दिलाउनुपर्छ भन्ने सोचको मान्छे म हुँ। त्यसो भएको कारणले गर्दाखेरि अब प्रतिपक्षको धर्म नै विरोध गर्नु मात्रै हो त? नेपाली राजनीतिक आन्दोलनको इतिहासमा जति पनि सरकार बने त्यो सरकार बन्ने र चाहिँ भत्किने जुन क्रम भयो अहिलेको जुन गठबन्धनको सरकार बनेको छ सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डजीको नेतृत्वमा, त्यो सरकारले वास्तवमा भन्ने हो भने दीर्घकालीन संविधानलाई पनि ट्र्याकमा ल्याउने यो व्यवस्थालाई पनि तपाईंको चाहिँ अझ मजबुत बनाउने व्यवस्थालाई स्थायित्व दिने गरेर जुन उहाँले स्टेप चाल्नु भएको छ, के यो ऐतिहासिक काम छैन र? जुन

उहाँले सुशासनको एउटा थालनी गर्नुभएको छ । त्यो भ्रष्टाचार विरोधी अभियान वास्तवमा त्यो भ्रष्टाचार विरोधी अभियान मात्रै होइन। नेपाली समाजमा देखापरेको जुन विभिन्न खालका प्रवृति थियो त्यसलाई एउटा नेपाली राष्ट्रलाई नेपाली समाजलाई नेपाली राजनीतिक दलहरूलाई र विभिन्न खालका तह र तप्काका मान्छेहरूलाई एउटा सकारात्मक सोचको विकास गर्ने ठाउँमा त्यसले पुर्याएको छ । राजनीतिक राजनीतिभित्र जुन खालको भ्रष्टाचार देखा परेको थियो त्यो भ्रष्टीकरणलाई रोक्न यसले काम गरेको छ। विभिन्न व्यक्ति र प्रवृत्तिहरूमा जुन खालको हामीले हिजो सुन्थ्यौं नि दलालहरू तपाईंको मन्त्रालय वरिपरि सत्ता सत्ता र शक्तिको वरिपरि घुमिरहन्थे आजको अवस्था के छ? यो कुरा घाम जत्तिकै छर्लङ्ग छैन र? अहिलेको गठबन्धनको सरकारले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वको सरकारले के आज दलालहरू चाहिँ सत्ता र शक्तिको वरिपरि घुम्ने चाहिँ तपाईंको वातावरण बनेको छ? आज देशमा होइन उनीहरू चाहिँ विदेशमा राख्नुपर्ने अवस्था भएको छ र सबै राजनीतिक पार्टीहरूले चुनाव लड्दाखेरि हिजो चाहिँ चुनावमा जसरी पनि सांसदमा चाहिँ बढीभन्दा बढी पैसा चाहिँ खर्च गरेर जित्ने खालको जुन ट्रेन्डको विकास भएको थियो, आज ती मान्छेहरू जो चाहिँ करोडौं अरबौं रुपैयाँ करोडौं रुपैयाँ खर्च गरेर जुन चुनावमा लड्ने र जित्ने जुन खालको वातावरण हिजो थियो ती मान्छेहरूलाई पनि आजको यो सरकारले सोच्न बाध्य बनाएको छ कि करोडौं खर्च गरेर सांसद भयो भने त्यो पैसा असुल गर्न पाइँदैन भन्ने खालको चाहिँ आज उनीहरूलाई पनि एउटा पाठ सिकाएको छ । त्यसो भएको हुनाले मैले भन्न खोजेको कुरा के हो भने पछिल्लो चरणमा जुन संघीय यो गठबन्धनको सरकार जुन पुष्पकमल दाहाल सम्माननीय प्रधानमन्त्री ज्यूको नेतृत्वमा बनेको छ त्यसले सिङ्गो राष्ट्रलाई एउटा सुशासनतिर समृद्धितिर र राष्ट्रिय एकतातिर जुन लैजान खोजेको छ । त्यसको हामीले स्वागत गर्न चाहन्छौं । म त्यसको लागि धन्यवाद उहाँहरूलाई दिन चाहन्छु । माननीय सदस्यज्यूहरू, यतिबेला तपाईंको गठबन्धनको सरकारले हामीले हेर्यौं हामीले पत्रपत्रिकामा मात्र होइन सरकारले अध्यक्षले हाम्रो भन्नुभएको थियो।प्रधानमन्त्रीले भन्नुभएको थियो । जतिबेला उहाँले सपथ ग्रहण गर्नुभयो, उहाँले भन्नुभएको थियो। म यो देशमा म प्रधानमन्त्री भएको दिनदेखि म राम्रो मात्रै काम गर्नेछु एउटा पनि नराम्रो काम गर्ने छैन भनेर उहाँले सङ्कल्प गर्नुभएको थियो र आज व्यवहारमा त्यो कुरा उहाँले पुष्टि गर्नुभएको छ। हिजो यदि तपाईंको यही खालको सङ्कल्प गरेर हिजोका राजनीतिक दलहरूले सरकारहरूले त्यो काम गरिदिएको भए सायद आज देश अगाडि जान्थ्यो। त्यसकारणले गर्दाखेरि हामीले हामी सबै राजनीतिक पार्टीहरूले एउटा सोच्नुपर्ने कुरा के छ भने आज सरकारले राम्रो काम गरेकोछ भने प्रतिपक्षहरूको पनि त्यसलाई एउटा रचनात्मक समर्थन गर्नुपर्छ र सरकारमा भएका मान्छेहरूले जो हामी सरकारमा भएका पार्टीहरू छौं त्यो सरकारमा भएका पार्टीका मान्छेहरूले पनि यदि सरकारले गलत काम गर्छ भने

त्यसको आलोचना गर्ने चाहिँ हामीले हिम्मत र साहस गर्नुपर्छ। त्यसो गर्यो भने मात्रै देश अगाडि बढ्छ । देश एउटा चाहिँ तपाईंको चाहिँ सही र के हो भन्ने कुराको चाहिँ छिनोफानो हुन्छ । र जनताले पनि सही के होर? गलत के हो? भन्ने कुरा बुझ्छन्। त्यसो भएको कारणले गर्दाखेरि म धेरै कुरा नराखीकन म धेरै कुरा नराखीकन म अन्तमा के भन्न चाहन्छु भने सरकारले जुन एउटा राम्रो आज हामीले सुनेका छौं खरबौं खरबौंको जग्गा आज राज्यको नाममा आएको छ । के यो कुरा हामीले कल्पना गरेका थियौं? खरबौंको जग्गा राज्यको नाममा आएको छ। भर्खरै मात्र गृह मन्त्रालयले सर्कुलर जारी गरेको छ कि कुनै पनि जिल्लामा त्यहाँको जिल्ला प्रशासनलाई यदि राज्यको जग्गा राज्यको जमिन कसैले चाहिँ हडपेको छ भने त्यसको विवरण त्यसलाई कारबाही गर्न चाहिँ गर्नुपर्छ भनेर सर्कुलर गर्नुभएको छ भने आज सिंगो सरकार र यो गठबन्धनको सरकारको एउटै मात्र उद्देश्य के छ भने राष्ट्रलाई समृद्ध बनाउने देशलाई सुशासनतिर लैजाने हैन मुलुकको जुन एउटा आर्थिक अवस्था छ यो आर्थिक जुन जर्जर भएको आर्थिक अवस्था छ यो आर्थिक अवस्थालाई अर्थव्यवस्थाबाट देशलाई चाहिँ माथि उठाउने जुन सङ्कल्प गरेको छ यो ऐतिहासिक काम गरेको छ भन्ने मलाई लागेको छ र म अन्तमा हाम्रो र म अन्तमा चाहिँ म के भन्न चाहन्छु भने अहिले चाहिँ हामी बजेटको तयारीमा पनि छौं। हैन बजेटका सिद्धान्त र प्राथमिकता हुन्छ त्यतिबेला पनि छलफल गरौंला। हैन म एउटा सुदूरपश्चिमको भएको नाताले सुदूरपश्चिममा चाहिँ जहिले पनि बजेट कम जाने राष्ट्रिय गौरवका आयोजनाहरू पश्चिम सेतीदेखि लिएर तपाईंको त्यत्रो पञ्चेश्वर परियोजनाहरू छन्। त्यो परियोजनाहरू अहिले पनि केन्द्रको एउटा त्यहाँ छलफलको विषय बनेको छैन । जहिले पनि तिनीहरू डिपिआरमा मात्र सीमित हुन्छन्। यसपालीको बजेटमा पश्चिम सेतीदेखि लिएर तपाइँको पञ्चेश्वर आयोजना बन्नुपर्छ, त्यो बनेपछि मात्रै हामी सुदूरपश्चिमका जनताको एउटा भविष्य र उनीहरूको चाहिँ एउटा तपाईको भविष्यको ढोका खुल्नेछ। तर अहिलेसम्म त्यति ठुलो जुन परियोजनाहरू छन्, सरकारको कुनै पनि सरकारको ध्यान त्यहाँ गएको छैन । र म यो सम्मानित सदनमार्फत आगामी वर्षमा त्यो कुनै पनि हालतमा नछुट्ने गरेर सुदूरपश्चिमका जो राष्ट्रिय गौरवका आयोजना छन् ती आयोजनालाई समयमै सम्पन्न गर्नुपर्छ र नयाँ ठुला आयोजनाहरू जसले सुदूरपश्चिमको चाहिँ मुहार फेर्ने छ। पश्चिम सेती र के रे यो पञ्चेश्वर परियोजना जस्ता जुन एउटा चाहिँ परियोजनाहरू छन् त्यो परियोजनाहरूलाई आगामी बजेटबाट चाहिँ अगाडि बढाउनुपर्छ भन्ने म यहाँ सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै आफ्नो भनाई यहीं टुङ्ग्याउँछु । हस् त, धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय तुलसा कुमारी दाहाल समय ५ मिनेट । यसपछि माननीय नारायण दत्त मिश्र ।

(१३:१४ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, म पन्ध्रौं अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । आज फेरि यो मिटर ब्याज पीडितहरू न्यायको लागि फेरि संघीय राजधानी काठमाडौंमा आएका छन् । कानुन बन्यो, आयोग बन्यो तर पीडितले न्याय पाएनन् । कानुनको कार्यान्वयन हुन सकेन । मिटर ब्याजी सम्बन्धी अवैध धन्दा चलाउनेहरूलाई कारबाही गर्न सकिएन । पीडितले न्याय पाउन सकेनन् । जुन आर्थिक अवस्था कमजोर भएका पीडितहरू चाहिँ न्यायको लागि फेरि पनि राजधानी आउनुपर्ने स्थिति सिर्जना भयो । बालकुमारीको घटना माननीय मन्त्रीज्यूको कारणले नै गोली चल्यो । र यो दुई जना होनहार युवाको निधन भयो । राज्यको लागि दुईजना व्यक्ति केही होइन होला । तर त्यो परिवारको लागि धर्ती खसेको छ । सरकार आलटाल गरिरहेको छ । माननीय मन्त्रीज्यूले राजीनामा दिनुपर्दैन? र आज आरती शाहको परिवारले न्याय पाउन सकेको छैन । र उनीहरू न्यायको माग गरिरहेका छन्, हाम्रो राज्य कहाँ हो भनेर खोजिरहेका छन् । यति घटना घटिसक्दा गृहमन्त्रीज्यू कहाँ हुनुहुन्छ? गृहमन्त्रीज्यूले के गर्नुभयो? आज न आरती साहको परिवारले न्याय पाउन सक्यो, न मिटरव्यजीहरूले न्याय पाउन सके, न बालकुमारीको घटनाले न्याय पाउन सक्यो । हिजो विगतलाई कोट्याएर घायल बन्नुभन्दा विगतलाई कोट्याएर घायल नबनौं, अब के गर्ने हो? सुनौलो मौका छ, काम गरे भने नि त । त्यसैले यो असफल सरकार भएको छ । असफल सरकारका गृहमन्त्रीको राजीनामा माग्दछु र यो बालकुमारी घटना घटेको मन्त्रीज्यूलाई स्पष्टीकरण सोधिँदैन, जवाफ पनि दिनुहुन्न उहाँको पनि म राजिनामाको माग गर्न चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, शिक्षा स्वास्थ्यको विषय राज्यको पहुँचमा हुनुपर्ने हो । जनताका छोराछोरी सबैले समान, गुणस्तरीय शिक्षा आर्जन गर्न सकुन् भन्ने उद्देश्य र लक्ष्य राख्ने कार्य योजना बनाउने नीतिगत निर्णय गर्ने विषयमा चुकेको छ सरकार । स्वास्थ्य क्षेत्रमा सर्वसाधारण जनताको पहुँच हुने गरी स्वास्थ्य संस्थाहरूको व्यवस्थापन गर्नुपर्ने थियो । यसतर्फ सरकारले ध्यान छैन, स्वाथ्य वीमा व्यवस्थित छैन, वीमा मार्फत उपलब्ध गराउने औषधी उपलब्ध छैन । स्वाथ्यकर्मीको अभाव छ, रेकर्डमा डाक्टर ३३ हजार देखिए पनि कार्यरत डाक्टर १६,००० मात्रै छन् । बाँकी डाक्टर कहाँ छन्, कसले खोज्ने । नर्सिङ क्याम्पसहरू बन्द हुँदैछन् । निजी अस्पतालमा सबैले उपचार गर्नुपर्ने पहुँच छैन । उपचार गर्न पनि सक्दैनन् । सरकारले स्वास्थ्यकर्मीलाई प्रोत्साहन गर्दैन, व्यवस्थापनमा ध्यान दिन सकेको छैन, नसर्ने रोगको अवस्था भयावह बनिरहेको छ । यसतर्फ पनि सरकारको

ध्यान छैन । कम्तिमा जेष्ठ नागरिक अस्पताल बनाउने कुरा गरेको थियो । बजेट विनियोजन पनि भएको थियो । त्यही हस्पिटल मात्रै बनाउन सकेको भए पनि केही राहत दिन सकिन्थ्यो, त्यो पनि गर्न सकेको छैन । माननीय मन्त्रीज्यूहरू विदेशी कार्यक्रममा सहभागी हुनुभएका विवरण सम्माननीय अध्यक्षज्यूले यो सदनमा पेस गरिरहँदा यस्तो लाग्थ्यो हाम्रा माननीय मन्त्रीज्यूहरू देशभित्र गर्नुपर्ने कामहरू अब केही बाँकी नै छैन । सबै सकेर बाहिर जाँदै हुनुहुन्छ । देश समृद्ध भइसक्यो, नेपाली जनता सुखी भइसके, गर्न बाँकी नै केही काम छैन जस्तो लागिरहन्थ्यो तर सामाजिक आर्थिक अवस्था अस्तव्यस्त छ । दुध उत्पादन गर्ने किसान दुधको मुल्य नपाउँदा आन्दोलित छन् । जनताको जीवन अस्तव्यस्त छ, सुशासन हराउँदै छ, युवाहरू वर्षमा साढे सात लाख विदेशिएका छन्, होटल व्यवसाय बन्द हुँदैछ, मुलुक भ्रष्टाचार र तस्करीमा चुर्लुम्म डुबेको छ, बेथिति छ । गैर जिम्मेवार व्यवहारको कारण राष्ट्रिय हितमा आघात परेको छ, लोकतान्त्रिक गणतन्त्र व्यवस्थाप्रति चुनौती खडा भएको छ, फुट देखा पर्दैछ । पुँजीगत खर्च २१% मा सीमित छ, विकास निर्माण ठप्प छ, व्यापार व्यवसाय पलायन हुँदैछन्, राजस्व सङ्कलन घटेको छ । माननीय प्रधानमन्त्री, स्वयं मन्त्रीहरूको कामबाट असन्तुष्ट भएको गुनासो गर्नुहुन्छ र सुनिन्छ बाहिर । माननीय मन्त्रीहरू विदेश जानबाट फुर्सद छैन । संसदले बनाउनुपर्ने ऐनहरू बन्न सकेका छैनन् । संविधान अनुरुप बन्नुपर्ने ऐनहरू बन्न बाँकी रहेका छन्, तालुक मन्त्रालयहरूले आफ्नो काम पूरा गर्न सकेका छैनन् । सम्माननीय अध्यक्षज्यू मलाई १ मिनेट थपिदिनु होला । माननीय मन्त्रीहरू विदेश यात्रामा अभ्यस्त हुनुहुन्छ, यसबाट के सन्देश दिन खोज्नुभएको हो । नेकपा एमालेको, नेकपाको सरकार ढालियो, गठबन्धन गरियो, यो गठबन्धन के को लागि थियो? यो बुझ्न गाह्रो भएको छ, कठिन भएको छ । मन्त्रालयहरूबीचको समन्वय र सहकार्य छैन । सत्तापक्षका माननीय नै असन्तुष्ट हुनुहुन्छ । यो भएन, त्यो भएन भनेर भनिरहनु भएको छ । सरकार भ्रष्टाचारको खाता पल्टाउँछ फेरि बन्द गर्छ कम्तीमा प्रतिपक्षको कुरा नसुने पनि आफ्नै गठबन्धनका माननीय सांसदहरूको कुरा सुनेर काम गर्नुभएको भए धेरै राम्रो हुने थियो । गठबन्धनको सरकारले सामाजिक जीवनका समस्याहरू, किसानका जीवन उठाउने खालको कार्य योजना कार्यक्रम ल्याउन सकेन । जनता निराश छ, असन्तुष्टि बढेको छ, युवाहरू चाहिँ ठूलो संख्यामा बाहिर विदेशिइरहेका छन् । यति मात्र होइन आज मधेस प्रदेशको दक्षिणी भाग ठाउँमा पानीको तहहरू घटिरहेको छ, सुख्खा हुँदैछ । चुरेको संरक्षण हुन सकेको छैन । चुरेका फेदीमा पानीको सङ्कलन गर्न जमिन सकिएको छैन मधेश सुख्खा छ । पर्यावरणमा नकारात्मक असर परेको छ । गर्मीको मौसम अत्यधिक बढेको छ । जाडो मौसममा अत्यधिक चिसो भएको छ, जसबाट जनजीवन मात्रै अस्तव्यस्त भएको छैन । कृषि उत्पादन र पशुपंक्षीमा पनि नकारात्मक असर

परेको छ । चुरेको संरक्षणको लागि वन विनाश, कटानी, गिट्टी बालुवा, ढुङ्गाको उत्खनन् ठेक्कापट्टा खोलिएका छन् । चुरेमा रहेको मानवबस्ती अन्यत्र सार्न सकिएको छैन । वृक्षारोपण गर्न सकिएको छैन । स्थानीय तहले कमाई खाने भाँडो बनाएको छ । आसपासका नदीहरूलाई मासी नदी गिटी बालुवाको उत्खनन् भइरहेको छ । चुरेको फेदीमा पानीको संग्रह गरी पोखरी बनाई पानीको सङ्कलन गर्न सक्दा पानीको सतह, पानी बढ्ने थियो, मधेशको पानी बढ्ने थियो। जनजीवन चाहिँ स्वस्थ हुने थियो । जलस्रोतको धनी भनेर के गर्नु शुद्ध पानी पाउन सकेको छैन । मधेशको जनता आर्सेनिकयुक्त पानी खान बाध्य भएको छ । महेन्द्र राजमार्गको आसपासमा ६० ओटा .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्य नारायण दत्त मिश्र । समय ४ मिनेट । यसपछि माननीय सदस्य राजेन्द्र लक्ष्मी गैर ।

**(१३:२१ बजे) माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, भाग्यशाली माननीय साथीहरू जसले दुई वर्षको गोला पनि उठाउनु परेन, चार वर्षको गोला पनि उनको भाग्यमा परेन । एकैचोटी ६ वर्षको गोला उठाएर अब बिदा हुन थाल्नुभएका साथीहरू, तपाईंहरूलाई धन्यवाद छ । तपाईंहरूको उत्तरोत्तर प्रगतिको कामना छ, आरोग्यता र दीर्घायुको पनि कामना छ । अर्को अहिले अब माघ ११ गते निर्वाचन भएर आउन थाल्नुभएका माननीय राष्ट्रिय सभाका सदस्यहरूलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । साथै यो हाम्रो महासचिवज्यूलाई, नवनियुक्त महासचिवज्यूलाई हार्दिक बधाई दिन चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, सहकारी पीडितको पीडा मान्छेले बचत जम्मा गरेका छन् । बचत माग्न जान्छन् । कतिपय सहकारीहरूबाट बचत फिर्ता पाउन सकेका छैनन् । यसको नियामक निकाय छ कि छैन? त्यो बचत, उनीहरूलाई सहकारीले फिर्ता दिन सकेन भने पनि सरकारले त्यो बचत फिर्ता दिएर सम्बन्धित मानिसहरूलाई कारबाही गर्ने तिर अगाडि बढोस् । अर्को कुरा मलाई नारायणघाट, बुटवल सडकको हालत देख्दा, अबका दिनहरूमा बन्ने राजमार्गमा कुनै पनि सडकको काम हुँदा, सडक मर्मत हुँदा, सडक चौडा हुँदाखेरि यसरी नगरियोस् । दुई किलोमिटर सडक भत्काउने, बनाउने, चौडा गर्ने, ग्राभेल गर्ने र पिच गर्ने अर्को दुई किलोमिटर सडक भत्काउने, बनाउने, भत्काउने, बनाउने, ग्राभेल गर्ने र पिच गर्ने काम गरियोस् । सडकलाई यसरी एकैचोटी खनेर लथालिङ्ग सडक बनाएर जनतालाई दुःख दिन सरकारले पाउँदैन । तसर्थ सरकारले ठेकेदारसँग कबुल गर्दा उसलाई त्यो, त्यो सर्तमा मात्रै ठेकेदारलाई दिनुपर्छ । हुनत

ठेकेदारले पटक-पटक नमस्कार गर्छन् । ठेक्का लिने बेलाको नमस्कार छुट्टै हुन्छ, पटक-पटक उनीहरूले पाउने किस्तामा नमस्कार छुट्टै हुन्छ । धेरै नमस्कार गर्ने मान्छेसँग बोल्न पनि गाह्रो हुन्छ होला, मैले साथीहरू हो । मलाई सम्माननीय अध्यक्ष महोदय, मलाई मलाई समय थपिदिनुहुन्छ भने एउटा कुरा अगाडि बढाउँछु । चार मिनेट (**सम्माननीय अध्यक्ष**:- १ मिनेट तपाईंलाई थप भयो ।) यो २००७ सालमा आएको लोकतन्त्र, प्रजातन्त्रलाई २०१७ सालमा राजाले निरङ्कुशता लादे । २०४६ सालमा सात बामपन्थी दलसमेतको सहयोगमा नेपाली कांग्रेस गणेशमान सिंहको घरभित्र भएको सल्लाहले देशमा बहुदलीय प्रजातन्त्रको स्थापना भयो । फेरि बीचैमा राजा ज्ञानेन्द्र आए, राजा ज्ञानेन्द्रले मोहेन्जोदारो, हरप्पाबाट खोजेर ल्याएका जस्ता उपाध्यक्ष दुईटा कृतिनिधि बिष्ट र तुलसी गिरीलाई राखेर आफै अध्यक्ष भईकन उनले तानासाही लाद्ने प्रयास गरे तर पुनः फेरि नेपाली कांग्रेसकै नेतृत्वमा कम्युनिस्ट साथीहरू र जङ्गलमा रहेका माओवादी साथीहरूलाई समेत ल्याएर गरिएको आन्दोलनले हामीले लोकतन्त्र प्राप्ति गरेका छौं । यो देश कहीं प्रयोगशाला हुन खोज्दै छ कि पटकपटक, फेरि पनि एकातिर प्रतिगामीहरू टाउको उठाइरहेका छन् । भित्रभित्रै अरु अरु कुराहरूका पनि खिचलोहरू छन् । हामीले यो कुनै किसिमको फेरि प्रतिगामी कदम नचालोस् भन्नको लागि राष्ट्रिय एकताको आवश्यकता मैले देखेको छु । अब .... (समय सकिएको ) ।

**सम्माननीय अध्यक्ष** :-माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे । समय ६ मिनेट । यसपछि माननीय सदस्य तुल प्रसाद विश्वकर्मा ।

(१३:२६ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, मन्त्री, माननीय सदस्यहरू, आज हामी विशेष समयमा विचारहरू राखिरहँदा आज मैले यहाँ अगाडि टन्नै मन्त्रीहरूलाई देखिरहेको छु । त्यसैले गर्दा म सर्वप्रथम म लुम्बिनीको जनताले जननिर्वाचित जनताले चुनेर पठाएको सांसद लुम्बिनीकै विषयमा पनि चासो राख्न चाहन्छु । लुम्बिनीको सम्पदा, लुम्बिनीको गौतम विमानस्थल सुचारु हुँदा आफ्नै घरको आँटोपिठो खाएर मान्छेहरू आफ्ना मान्छे पुऱ्याउन जान सक्थे, लिन जान सक्थे । आज सम्म त्यो काम अगाडि बढेन, म चाहिँ लुम्बिनीतिर ध्यानाकर्षण गराउन चाहन्छु । र लुम्बिनीको विकास गरेर हामीले पाल्पालाई शिक्षा, पर्यटनको हब बनाउने चाहना छ । त्यो बाटो पनि उस्तै छ । म त्यो कुरा जोड्न चाहन्छु र यहाँ माननीय मन्त्रीज्यूहरू भएको हुनाले लक्ष्य हाम्रो समाजवादको, हाम्रो योजनाहरू हाम्रो घरतिर जाने वरिपरितिर जाने भयो भने हामीले राखेको

संविधानमा राखेको समाजवादमा पुग्न सक्छौं? त्यसैले गर्दा अब आउने बजेटमा यहाँहरूको योजना स्वास्थ्य, शिक्षा र कृषिलाई उच्च प्राथमिकतामा राखेर जनतालाई प्रत्यक्ष फाइदा पुग्ने र समाजवादमा पुग्ने योजना हुनुपर्दछ, हैन भने हाम्रो संविधानको रक्षा हुन सक्दैन । यो हिसावले आओस् भन्न चाहन्छु । अर्को कुरा पूर्व माननीयज्यूले उठाउनु भयो । प्रतिपक्ष दलको नेताले माननीय मन्त्रीको कारणले गोली चल्यो, राजिनामा दिनुपर्छ कि पर्दैन भन्नुभयो । लामै समय सहकार्य गरेको सबै साथीहरूलाई हामीले पनि जान्दछौं । माननीय मन्त्री पुग्नु भन्दा अगाडि तपाईं कहाँ हुनुहुन्थ्यो? हाम्रो तीन दिन अगाडिदेखि केन्द्रीय कमिटीको बैठक चलिरहेको थियो । माननीय पूर्व मन्त्रीदेखि लिएर राज्यमन्त्री देखेर मन्त्रीहरू र हामी धेरै जना सांसदहरू हामी कोटेश्वरमै थियौं । र जब त्यहाँ चाहिँ टियर ग्याँस फाल्यो, मैले धेरै साथीहरूलाई लिएर गेटबाट बाहिर निस्केको थिए । र के भयो भनेर सोधिरहेका हामीले केही थाहाँ पाएनौं । हतसपतस गर्दै राज्यमन्त्रीज्यू पुग्नु भयो । मेरो driver ले यताबाट ल्यायो के भएको हो? माननीयज्यू भन्नुभयो । कसैलाई त्यहाँ पुग्दासम्म थाहा छैन । र त्यो भन्दा धेरै पछाडि प्रकाश ज्वाला माननीयज्यू फेरि पुग्नुभयो । माननीयज्यू तपाई कसरी आउनुभयो? त्यहाँ त तपाईंको गाडी जल्यो नि, भनेर भन्छन् मैले सोधे । उहाँले भने गाडी त्यहाँ रोक भने मैले रोकदिए, मैले हिँडेर आए भन्नुभयो । दश, पन्ध्र मिनेटसम्म सडकमा गाडि छ । राज्य त्यहाँको भौतिक पूर्वाधार मन्त्रालयको, राज्यको गाडी, सरकारको जिम्मेवारी संरक्षण गर्ने हो कि होइन? त्यतिबेला संरक्षण गर्ने निर्देशन दिने निकायहरू कहाँ थिए? र त्योभन्दा अगाडि बिहानको घटना विहान घटना घट्दाखेरिमा त्यहाँ चाहिँ १२ जना, १८ जना विद्यार्थीले परीक्षा दिन बिहान पाउने अरुले नपाउने सूचना जारी भयो । र दिउँसो ३ बजे सबैले परीक्षा दिन पाउने सूचना जारी भयो । त्यतिबेला सम्बन्धित मन्त्रालयको निर्देशन कस्तो थियो ? १८ जना मात्र दिन पाउने हो भने फेरि ३ बजे सबैले पाउने कुरा कसरी भयो? त्यो घटनामा उत्तेजना बढाउने कुरा १८ जनाले परीक्षा दिन पाउने अरुले दिन नपाउने मुख्य कारण मुख्य मन्त्रालयले श्रमले दोष लिन पर्छ कि पर्दैन? र राज्यमन्त्री जतिबेला जानुभयो त्यतिबेला टियर ग्याँस पहिल्यै फालिसकेको थियो । अनि भौतिक पूर्वाधार मन्त्री जानुभन्दा अगाडि फालिसकेको थियो । र अब पानीको फोहोरा हाल्छ है साथीहरू, टियर ग्याँस फाले पछि मैले भन्दै थिए । पानीको फोहोरा फालेन । जब चाहिँ त्यो हस्पिटलभन्दा अगाडिबाट पुलिसहरू अगाडि बढे । कोटेश्वरतिरबाट आन्दोलनकारी बच्चाहरू अगाडि बढे, उनीहरूले ढुङ्गा हानेका थिए पुलिसहरूले लाठी हानेका थिए । र दोहोरो भिडन्त भयो र त्यहाँ चाहिँ साथीहरू ढले । त्यस घटना त्यस्तो थियो । हामीले रगत पनि हेर्यौं र त्यहाँ वरिपरिका मान्छेलाई सोध्यौं ,त्यतिबेला सञ्चार माध्यममा पनि आएको थियो । यहाँहरूले सुन्नुभयो होला । मन्त्री पुग्नुभन्दा अगाडि घटना घटेको छ । होनहार हाम्रा भाइहरूको ज्यान

गएको छ । मन्त्रीसँग जोडेर यो विषयलाई हेर्न मिल्दैन । न्याय पाउनुपर्छ, घाइतेहरूले उपचार पाउनुपर्छ ती पश्चिमबाट जो रोजगारीको निम्ति हिँडेका हाम्रा भाइहरूको निम्ति, न्यायको निम्ति हामी सङ्घर्ष गर्नुपर्छ, लड्नुपर्छ, उनीहरूलाई मुक्ति दिलाउनु पर्दछ । यो कुरा हामी इमान्दार कार्यकर्ता भएको हिसाबले पनि लाग्नुपर्दछ । गलतलाई गलत सहीलाई सही भन्नुपर्दछ । गलत कुराहरू हामी बोकेर हिँड्यौं भने हामी कहाँ पुगिन्छ । त्यसो भएको हुनाले त्यसो भएको हुनाले समिति बनेको छ, प्रतिवेदन आएको छ भन्ने छ तर प्रतिवेदन सार्वजनिक भएको छैन । अन्दाजीका भरमा दोष लगाउनु पनि मिल्दैन । त्यो बेला उहाँले उहाँले भिजिलान्ते मान्छेहरू पठाउनु भए थियो कि, गोली चलाउने आदेश दिनुभएको थियो कि, उहाँको मन्त्रालयसँग त्यो युवाहरूको सरोकार थियो । विना सरोकार मन्त्रीज्यूलाई दोष दिने कुरा गलत हुन्छ । र गलत कुरालाई गलत नै भन्नुपर्छ । यो हाम्रो पार्टीको मन्त्रालयको मन्त्री परेर मैले यो कुरा गरेको हैन । जो सुकै पर्नुभयो भने मैले गलतलाई गलत र सहीलाई सही भन्नको निम्ति म जनताले चाहिँ मलाई जनप्रतिनिधिले यहाँ पठाएका हुन । त्यसोभए गलत कुरा बोकेर हिँड्नका निम्ति होइन र सत्य बोल्नुपर्दछ । इमान्दारपूर्वक जोसुकैको बेला परे पनि मेरो कुरा, मेरो पार्टीले ह्वीप जारी गरे पनि म गलत कुरा सहि हो भन्न सक्दैन । बरु मैले यो सांसद पद छोडेर जान सक्छु । म जनताको पक्षमा उभिने हो र गलतलाई गलत नै भन्ने हो । यसो भएको हुनाले म चाहिँ यो कुरामा म म सहमत छैन किनभने म प्रत्यक्षदर्शी हो । म मात्रै होइन हाम्रो ३०० पार्टी सदस्यहरू केन्द्रीय कमिटीको बैठकमा त्यहाँ हुनुहुन्थ्यो ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा । समय ३ मिनेट । यसपछि माननीय सदस्य खिमलाल देवकोटा ।

**(१३:३३ बजे) <u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>**:- सम्माननीय अध्यक्षज्यू, मन्त्रीज्यूहरू र माननीय सदस्यज्यूहरू, समय छोटो छ । सर्वप्रथम म सरकार ले गृहमन्त्रालयले सबै ठाउँमा सर्कुलिङ गरेर राज्यको जग्गाहरू हिनामिना भएको ठाउँमा त्यसलाई रेकर्ड पठाउने जुन चाहिँ काम गरेको छ, त्यसको लागि म सरकारलाई धन्यवाद दिन्छु । भ्रष्टाचार र त्यस लगायतका विभिन्न बेथितिहरूको नियन्त्रणको लागि सरकारले जे जति कदम उठाउँछ ती सबै कदमको हामीले समर्थन गर्दछौं । यति हुँदा हुँदै पनि आज देशमा विभिन्न प्रकारका घटनाहरू घटिरहेका छन् । हामीले देखिरहेका छौं, कि आज मिटरब्याजीहरू महिनौ लगाएर पैदल यात्रा गरेर राजधानी आएका छन् । हामीहरूले नै यहाँ छलफल गरेर

मिटरब्याजीहरूको हकहितको निम्ति कानुन पास गर्यौं तर त्यो किन लागु भएन । सरकारको ध्यान किन गएन? त्यतातिर मैले त्यो ध्यान आकर्षित गर्न चाहन्छु । त्यसैगरी किसानहरूले सडकमा दुध पोखिरहेका छन् । किन यस्तो भइरहेका छन्? आफ्नो देशको उत्पादनले मूल्य पाउँदैन । मूल्य नपाएपछि किसानहरूले आफ्नो उत्पादनलाई सडकमा पोखिरहेका छन् । यस यतातिर सरकारको ध्यान किन जाँदैन? महिनौंदेखि, वर्षौंदेखि कतिपय चाहिँ मुद्दाहरू पेन्डिङ छन् । दाइजोको निहुँमा भएको हत्याहरू, अन्तरजातीय प्रेम सम्बन्धमा भएका हत्याहरू, दलितहरूमाथि भएका उत्पीडनहरूको बारेमा पनि सरकारले तदारुकताका साथ त्यसलाई राहत दिनको लागि, त्यसलाई सम्बोधन गर्नको लागि सरकार किन चुकिरहेको छ? त्यसैले यसतिर सरकारको ध्यान छिटोभन्दा छिटो जाओस् भन्ने मैले यहाँ आफ्नो भनाइ राख्न चाहन्छु । र हामी यहाँ धेरै नीति, नियमहरू पास गर्छौं, सङ्कल्प प्रस्तावहरू पास गर्छौं तर त्यसलाई कार्यान्वयन गर्ने कुरामा सरकारले कुन निकायलाई चाहिँ आदेश दिने हो? कसरी त्यसलाई व्यवहारमा लागु गर्ने हो? साँच्चै नै हामीले जनताको पक्षमा उनीहरूको हकहितको निम्ति बनाएका कानुनहरू हुन् भन्ने कुरा जनताले अनुभूत गर्न पाउनुपर्‍यो, व्यवहारमा त्यो ....(समय सकिएको )

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय खिमलाल देवकोटा । यसपछि माननीय डाक्टर विमला राई पौड्याल ।

**(१३:३७ बजे) <u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, आज एकाध समसामयिक विषयमा कुरा गर्छु । सबभन्दा पहिला वैज्ञानिक महावीर पुनका सम्बन्धमा, वीरगञ्ज कृषि औजार कारखाना चलाउनु छ, पैसा चाहियो भन्दै किताव लेख्दै, किताव बेच्दै हिँडिरहनुभएको छ । एकजना व्यक्तिले किताव किन्नुहोस्, सरकारी कारखाना चलाउनुछ भनेर आँट र हिम्मतका साथ जसरी उहाँ अगाडि बढ्नुभएको छ यसको प्रसंशा गर्नै पर्छ । तर सरकारका लागि यो विषय लज्जा हुनुपर्ने हो । लज्जाको विषय हुनुपर्ने हो, मैले चाहिँ वास्तवमा त्यही महसुस गरेको छु । भोलि अन्य व्यक्तिहरू पनि यसरी नै सरकारी संयन्त्रहरू चलाउनुछ भन्दै हिड्नथाले भने के होला? सरकार सरकारको रूपमा रहोस् । राज्य राज्यको रूपमा रहोस् । महावीर पुनसँग सरकारले कारखाना सञ्चालनको सम्वन्धमा के कस्तो सम्झौता गरेको छ? वास्तविकता के हो? यो संसदलाई जानकारी दिनु पर्‍यो । महावीरकै सम्वन्धमा, र अनुभव भएको व्यक्तिको राज्यले सम्मान चाहिँ गर्नुपर्छ । अनुसन्धानका क्षेत्रमा उहाँले चाहेको वातावरण निर्माण गरिदिनुपर्छ । संघीय सरकारले मात्र होइन प्रदेश र स्थानीय तहले पनि अनुसन्धानका क्षेत्रमा महावीर पुनको अभियानलाई साथ दिन

आवश्यक छ । वास्तवमा यो राष्ट्रिय सभाकै कुरा चर्चा गर्ने हो भने पनि यो सभामा हुनुपर्ने व्यक्तित्वहरू भनेको महावीर पुनहरू जस्तै हो । सम्माननीय अध्यक्ष महोदय, १० वर्षे माओवादी आन्दोलनसँग सम्वद्ध साथीहरूले फाल्गुण १ लाई जनयुद्ध दिवस मनाउनुभयो । ढिलै भएपनि तपाईंहरूलाई मेरो शुभकामना छ । यो आन्दोलनका केही सवल र दुर्बल पक्षहरू छन् । म केही सवल पक्षको कुरा गर्छु । आन्दोलन लगायतका कारण संविधान सभामार्फत संविधान जारी भएको छ । नेपाली जनता सार्वभौमसत्तासम्पन्न भएका छन् । पछाडि परेका/पारिएका वर्ग, समुदाय र क्षेत्रको मूलप्रवाहीकरण भएको छ । केन्द्रिकृत शासनप्रणाली विकेन्द्रिकृत छ । दुर्बल पक्षको चर्चा गर्दा द्वन्दका कारण सैयौं मानिस मारिए/घाइते भए, घरवारविहिन भए, मुलुकले ठूलो जनधनको क्षति बेहोर्नुपर्‍यो तर बिडम्वना शान्ति सम्झौता भएको १७ वर्ष व्यतीत भैसक्दा पनि गम्भीर मानवअधिकार उल्लंघन तथा ज्यादतीका घटनाहरूमा अनुसन्धान गरी पीडितहरूलाई न्याय दिने र सामाजिक मेलमिलापका माध्यमबाट स्थायी शान्तिको मार्ग प्रशस्त गर्ने लगायतका कामहरू हुनसकेको छैन । यसमा सरकार र सरोकारवालाहरूको ध्यान जाओस् । अध्यक्ष महोदय, सन्दर्भ माओवादी आन्दोलनकै हिजो तपाईंहरूले १० वर्ष जनयुद्ध गर्दा दूरदराजका नागरिहरूलाई हामी तपाईंहरूलाई राज्य दिन्छौं, सरकार दिन्छौं पनि भन्नुभएको थियो । अहिले नागरिकहरूले स्थानीय सरकार पाएका छन् । प्रदेश सरकार पाएका छन् । यसमा तपाईंहरूले गर्व गर्नुहोस् । यस पाटोमा पनि माओवादी आन्दोलनको ठुलो देन छ तर मेरो तपाईंहरूप्रति ठूलो गुनासो छ । हिजो तपाईंहरूले नागरिकहरूलाई दिने भनेको सरकारमा सेना, प्रहरी, अदालत, कर्मचारी, कानुन आदि सवै थिए। अझ तपाईंहरूले त स्वायत प्रदेशको कुरा समेत गर्नुभएको थियो । अहिले तपाईंहरूकै हातमा सरकारको डाडुपन्यू सवै तपाईहरूसँग छ तर प्रदेश र स्थानीय तहहरूमा कर्मचारी भएन, कानुन भएन, बजेट भएन, पर्याप्त बजेट भएन, बजेटको विनियोजन चाहिँ न्यायोचित भएन भनेर कराइरहेका छन् । प्रदेशका मुख्यमन्त्रीहरू, प्रदेशका आन्तरिक मामिलामन्त्रीहरू प्रधानमन्त्रीलाई भेटेर हारगुहार गरिरहेका छन् । लौन हजुर हामीलाई प्रदेशको प्रहरीको अधिकार दिएको छ प्रहरी पठाइ दिनुपर्‍यो, लौन कर्मचारी भएन कर्मचारी पठाइ दिनुपर्‍यो भन्नुपर्ने स्थिति आउने? हिजो तपाईहरूले आन्दोलन गर्दा सिंगै राज्य दिन तयार भएको अहिले डाडुपन्यू लिएर बस्दाखेरी तल कर्मचारी पनि नपठाउने, तल प्रहरी पनि नपठाउने अनि दुनियाँभरको नाटक गर्ने तपाईंहरूले । यो भएन, यो गर्नु भएन यो पक्षमा तपाईंहरू अलिकति विचार गर्नुपर्छ । त्यही भएर मैले तपाईंहरूले भनेको तपाईंहरू प्रति ठुलो गुनासो छ । यो ठुलो उपलब्धि हो । तपाईंहरूकै कारणले पनि हो तर तपाईंले सत्तामा पुगेपछि मैले बोलेको थिए पटक पटक बोलेको छु । यो सिंहदरवारको सत्ताको कुर्सी चाहिँ यस्तो रहेछ कि यो सत्ताको कुर्सीमा बसिसकेपछि हिजो आन्दोलनमा आएको सबै बिर्सिने म अहिले भर्खरै विहान मात्रै म त्यो फिलिपिन्सको मनिलामा भएको यो द्वन्दग्रस्त मुलुकको एउटा गोष्ठीमा नेपालको द्वन्द र संघीयताको बारेमा कार्यपत्र पेस गरेर आएको । त्यसमा मैले के पाएँ भनेर जो

आन्दोलनको नामा जो सत्तामा गएका छन् । चाहे त्यो फिलिपिन्सको कुरा गरौं, चाहे त्यो इन्डोनेसियाको कुरा गरौं तर सत्तामा गएपछि सबै बिर्सिदिने । हैन नागरिकको गरिबी र सरोकारको विषय पनि बिर्सिदिने? अनि विस्तारै विस्तारै मैले हेरें उहाँहरूको कार्यपत्र पनि थियो । विस्तारै विस्तारै त्यो स्थानीय सरकारमा पनि प्रतिनिधित्व विस्तारै घटेको छ, संघीयमा पनि विस्तारै घटेको छ । हामी कहाँ पनि यो स्थिति देखेको छु मैले यो नहोस् भनेर विशेष गरी तपाईंहरूलाई मैले सचेत गराएँ । यो सबैलाई मैले यो आन्दोलनबाट आएका सबैसाथीहरूलाई ध्यानाकर्षण गराए ।

अलिकति अध्यक्ष महोदय, मैले १ मिनेट समय मागें । अलिकति संसदको कुरा पनि गर्नुछ मैले । अलिकति संसदको कुरा पनि गर्नुछ । संसदको अलिकति वित्तीय स्वयत्तता भएन भने यो कार्यपालिकाले विस्तारै संसदीय गतिविधिलाई नियन्त्रण गर्छ भनेर यो Common Wealth Association को २००५ को प्रतिवेदनमा लेखिएको रहेछ । प्रतिवेदनमा उल्लेख भए जस्तै नेपालको संसदमाथि कार्यपालिका हावी भएको अनुमान मैले गरेको छु । जस्तो चालु आव २०८०/८१ को कुल बजेट रु १७५१ अर्वमा संघीय यो हाम्रो बजेट संघीय संसदको बजेट रु १ अर्व २२ करोड मात्र छ । जुन कुल बजेटको ०.०७ प्रतिशत हो । सम्मानननीय अध्यक्ष महोदय, यो बजेट मैले संसारभरीको Parliament को मैले data हेरे संसारको कुनै पनि Parliament मा बजेट यति थोरै बजेट चाहिँ रहेनछ, मलाई यो अचम्म लाग्यो। हामी राज्यको तीन अंग मध्ये कार्यापालिका व्यवस्थापिका र न्यायपालिका मध्ये व्यवस्थपिकाको बजेट यति थोरै हुने अनि समितिहरूको बजेट, अनुगमनको बजेट एउटा समितिको अनुगमनको बजेट जम्मा १० लाख छ । त्यो दश लाखले हामीकहाँ १६ ओटा संसदीय समितिहरू छन्, कसरी अनुगमन गर्न सक्छ? भन्नुस् त । अनि अर्को एउटा data भन्छु सम्मानननीय अध्यक्ष महोदय, एउटा IPU को Inter Parliamentary Union को एउटा data ले के भन्छ भने संसारका जति संसदीय व्यवस्थाहरू छन्। त्यो व्यवस्थाहरूको Parliament को बजेट चाहिँ २ तिहाई भन्दा बढी parliament को बजेट चाहिँ independently बनाउछन्, स्वायत्त छन् । तर नेपालको चाहिँ के लेखेको छ भने नेपालको संसदकोले बजेट बनाउदाखेरी स्वायत्तता छैन सरकारको दबदबा छ, कार्यपालिकाको दबदबा छ ।..... (समय सकिएको ) ।

**<u>सम्माननीय अध्यक्ष</u>** :- माननीय सदस्य डाक्टर विमला राई पौड्याल । समय ६ मिनेट । यसपछि माननीय दुर्गा गुरुङ ।

**(१३:४४ बजे)** **<u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, दुईटा छोटो कुरा उठाउन चाहन्छु । चिकित्सा शिक्षामा १० वर्ष अघिसम्म नेपालको एकदमै राम्रो छवि

थियो । शिक्षाको माग पनि बढिरहेको थियो । निजी कलेजहरू, सरकारीहरू सरकारी कलेजहरू, कलेजहरू, सबैले नर्सिङ क्याम्पसहरू प्रशस्तै खोलेका थिए । एमबिबिएस पनि त्यसैगरी बढिराखेकै थियो । देशभित्र होइन, बाहिरबाट पनि एकदमै धेरै डिमाण्ड आइराखेको थियो । र चिकित्सा शिक्षा, चिकित्सा शिक्षा चाहिँ नेपालको लागि एउटा शिक्षाको हब र शिक्षाको टुरिजम भन्छौं नि हामीले शिक्षा पर्यटन जस्तो हुन सक्ने सम्भावना पनि देखिएको थियो । क्याम्पसको संख्या बढ्दै गइसकेपछि गुणस्तरहरू पनि एकदमै vary गर्न थाल्यो? कसैले एकदम राम्रोसँग गुणस्तर राखेर नै पढाउने भए भने कतिको चाहिँ गुणस्तर पुगेन भनेर ठूलो issue पनि बन्यो त्यतिबेला जुन स्वाभाविक पनि थियो । र सरकारले त्यो मागहरूको पनि सम्बोधन गर्दै नियमन गर्ने प्रक्रियामा चिकित्सा शिक्षा ऐन पनि ल्यायो । र त्यो ऐनले एउटा बाध्यात्मक व्यवस्था गऱ्यो कि सयओटा बेड नहुने, बेडको अस्पताल नहुनेहरूले नर्सिङ पढाउन नपाउने । त्यो खालको एउटा बाध्यात्मक व्यवस्था आयो । त्यो नियमनको लागि भनेर आएको व्यवस्था थियो । तर यसले चिकित्सा शिक्षालाई एकदमै धेरै संकुचित गऱ्यो, हुन त ऐनहरू हामीले समयमै सम्बोधन गर्न भनेर ल्याउँछौं तर त्यसका थुप्रै पाटाहरू हुन्छन् जुन हामीले त्यतिबेला देखेका हुँदैनौं । पछि आइसकेपछि यो कार्यान्वयनमा जाँदाखेरि आएका समस्याहरूलाई ऐनले सम्बोधन गर्नुपर्ने हुन्छ । त्यो गर्न सकिरहेको अवस्था अहिले छैन । एकातर्फ ठुलठुला अस्पतालमा पनि १०० जना भन्दा बढी नर्सिङ विद्यार्थीहरू पढाउनको लागि कोटा नदिने । त्यहाँको संरचना पनि १०० जनाभन्दा बढी पढाउन नमिल्ने । नर्सको एकातिर ठुलो डिमान्ड छ तर पढाउँन पाइँदैन र अर्को तर्फ निजी लगानीकर्ताहरूले ठूलो धनराशी खर्च गरेर स्थापना गरेका कलेजहरू रित्तो हुने, बन्द हुने यो खालको अवस्थाहरू आयो । CTEVT ले भन्छ लास्ट अगस्टमा २०२३/२४ को शैक्षिक सत्रमा १२ हजार नेपाली विद्यार्थीहरूले entrance pass गरे, नर्सिङ पढ्नको लागि ।अनि त्यो entrance pass गर्ने मध्ये जम्मा १८४० विद्यार्थीले मात्रै भर्ना भए । CTEVT अन्तर्गत १८४० विद्यार्थीले मात्रै भर्ना पाए । १०,६६० विद्यार्थी कहाँ पढ्दै छन् भनेर सोध्नुहोला। बोर्डरमा उतापट्टि खुलेका छाप्राहरू र ती छाप्राहरू नेपालमा निजी क्षेत्रले लगानी गरेको भवन जतिको छैन । खुला छाप्राहरू छन् र नेपाली विद्यार्थीहरू अब यहाँ आउँछन् भनेर खोलिएका, नेपाली विद्यार्थीलाई नै लक्षित गरिएका ती छाप्राहरूमा पढ्दैछन् । एकातिर नेपाली लगानीकर्ताले लगानी गरेको संरचना खेर जाने । अनि ती लगानीकर्ता ऋणमा डुब्ने अर्कोतिर हाम्रा विद्यार्थी जो धेरैजसो महिला छन् ,धेरैजसो किशोरी छन् । छिमेकी देशमा खुल्ला आकाशमा गएर पढ्नुपर्ने अवस्था छ । र उनीहरूले १०० ओटा बेड भएको अस्पताल छ कि छैन उनीहरूको? कहाँ practical गर्छन् भन्ने कुरा त हामीले नियमन गर्न सक्दैनौं । र उनीहरूले कस्तो खालको गुणस्तर लिएर आउँछ भन्ने पनि हामीले नियमन गर्न सक्दैनौं । यसले गर्दा ऐनले जे कुरा सोचेको थियो त्यो कुरा भाको छैन, it requires । अब के हेर्नुपर्छ हामीले भन्दाखेरि त्यो ऐनले काम गरेन भने ऐन संशोधन गर्नुपर्छ, ऐन तुरुन्तै संशोधन गर्नु पर्ने जरुरी छ । सरकारले यो ऐन संशोधन गर्दाखेरि यसरी

गरोस् कि गुणस्तर पनि कायम होस्, हामीलाई गुणस्तरको पनि आवश्यकता छ तर त्यो सँगसँगै पढ्न चाहने विद्यार्थीले नेपाल भित्रै पढ्न पाउन् । किनभने हामीलाई नर्सको पनि ठूलो डिमान्ड छ । र बाहिरबाट पनि मान्छे माग्ने जुन कामदारहरू मागिराखेको छ । नर्सको एकदम ठूलो डिमान्ड छ बाहिर पनि । नर्स नै पढेर बाहिर गयो भने पनि प्रशस्तै रुपमा आम्दानी गर्न सक्ने अवस्था छ । यसलाई सुनिश्चित गर्नुपर्छ र यति हुँदाहुँदै यो ऐन सम्बोधन गर्दै गर्दाखेरि ऐनको संशोधन गर्न जरुरी छ । त्यो गर्दै गर्दाखेरि जुन अस्पताल ठूलो छ र धेरै नर्सिङ विद्यार्थीहरू पढाउन सक्छ, उसलाई कोटा बढाउनु पर्‍यो । बरु संरचना पुग्दैन भनेदेखि त्यहाँ पढाउने संरचना बढी दिनुपर्‍यो, कोटा बढाउनुपर्‍यो । र त्यसपछि जुन निजी विद्यालयहरू, जुन निजी कलेजहरू खुलेका थिए, उनीहरूको सयवटा बेडको अस्पताल नभए पनि यदि उनीहरूले ठुला अस्पतालहरूसँग सम्बन्धन लिएर विद्यार्थीलाई प्राक्टिकल, केही टेस्ट गराउन सक्ने व्यवस्था राख्छन् भनेदेखि उनीहरूलाई खोल्न दिनुपर्छ, पढाउन दिनुपर्छ यो मेरो सरकारसँग अनुरोध पनि हो र माग पनि हो ।

दोस्रो विषयः सम्माननीय अध्यक्षज्यू, दोस्रो विषय त म के भनौं भन्न पनि लाज लाग्छ मलाई। हाम्रो देशमा आर्थिक समस्या छन्, सामाजिक समस्या छन् तर ती सबै समस्याहरूको हल मैले राजनीतिक दलहरूको इमान्दारिता र राजनीतिक संस्कारमा देख्छु । अनि जब राजनीतिक दलहरूमा इमान्दारिता हुँदैन, जब राजनीतिक संस्कार हराउँछ नेताहरूमा त्यसपछि आर्थिक अवस्था, सामाजिक अवस्था सुधार होला यो देशमा भन्न सकिँदैन । अहिलेको अवस्था त्यस्तै भएको छ । छिमेकी देशमा रेल दुर्घटना हुन्छ, रेलको ड्राइभर मन्त्री होइन तर मन्त्रीले राजिनामा दिन्छ । बाहिर त्यो बजेट भाषण पढ्नुभन्दा अघिल्लो दिन भोलीदेखी चुरोट खालास् भनेर कसैले भन्छ, कुनै मन्त्रीले भन्छ । त्यसमा चाहिँ त्यो चुहाएको सूचना चुहाएको भनेर विरोध हुन्छ, उसले राजिनामा दिन्छ । हाम्रो देशमा असम्बन्धित घटनामा, असम्बन्धित मन्त्री त्यहाँ पुगेर भीड उत्तेजित भएको, छ गोली चलेको छ, सबैले भनिराखेका छन् मन्त्रीज्यूले राजीनामा दिनुहुन्न किनभने उहाँसँग राजनीतिक संस्कार छैन । राजनीतिक संस्कार भएको भएदेखि मन्त्रीज्यूले त्यो सुन्ने बित्तिकै मेरो देशको दुइटा नागरिकको हत्याको आरोप मलाई लाग्यो । म सम्बन्धित मान्छे त होइन तर पनि मैले राजीनामा दिन्छु भनेर दिनुहुन्थ्यो । त्यो पनि दिनुभएन, छानबिन समिति बन्यो । छानबिन समितिले छानबिन गरिसक्यो, प्रधानमन्त्री अझै सोच्दै हुनुहुन्छ, गठबन्धनमा गाह्रो पर्छ कि, कसरी निकाल्ने भनेर । आखिरी सिट त गठबन्धनमै छ नि बाबा जुन दलको मन्त्री हुनुहुन्छ उहाँकै दलबाट आओस् न अर्को मन्त्री । तर यस्तो ठुलो चाहिँ दोष लागेको मान्छे चाहिँ मन्त्री भएर बस्न मिल्छ? यो कस्तो खालको संस्कार हो? हामीले कस्तो खालको संस्कार ल्याइरहेका छौं? यसमा ध्यान जाओस् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष** :- माननीय सदस्य दुर्गा गुरुङ। समय ४ मिनेट । यसपछि माननीय कुमार दसौदी ।

(१३:५१ बजे) **माननीय श्री दुर्गा गुरुङ्ग (नेपाली काँग्रेस)**:-माननीय अध्यक्षज्यू, माघ ११ गते भएको राष्ट्रिय सभा सदस्यको निर्वाचनमा विजय भएर आउनुभएको सबै माननीयज्यूहरूलाई हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना र संसद सचिवालयका नवनियुक्त महासचिवज्यूलाई पनि हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना दिन चाहन्छु । माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमति लिएर आफ्नो विचारहरू प्रस्तुत गर्न चाहन्छु । आजको विशेष समयमा म हाम्रो शान्ति प्रक्रियाको बारेमा केही धारणा राख्न चाहन्छु । मैले यो विषयमा थोरै कुरा पनि गरेकी थिएँ र यो त्यो कुरा त्यो कुरा पनि सम्माननीय अध्यक्षज्यूलाई स्मरण गराउन चाहन्छु । र मन्त्रीज्यू, माननीयज्यूहरूमा पनि मेरो श्रीमान् पनि सशस्त्र द्वन्द्वमा परी मारिनुभयो र म त्यतिबेलाका नौ हजार सय खालका पीडित महिलामध्ये एक हुँ । १७ हजार नेपाली जनता मारिएका छन् । थुप्रै बेपत्ता पनि पारिएका छन्, घाइते हुने, विस्थापित हुने, धनसम्पत्तिको क्षति हुने हजारौं छन् तर अब यसभित्रमा माओवादी, सेना, प्रहरी, कांग्रेस, एमाले लगायत दलको को को कति थिए भनेर हिसाब गर्दै बसेर शान्ति प्रक्रिया टुंगिँदैन । सम्माननीय अध्यक्षज्यू, बरु अबको हिसाब किताब सत्य निरूपण तथा मेलमिलाप आयोगको काम किन ढिला भइरहेको छ । त्यतिबेलाको राज्य र माओवादी बीचको द्वन्द्वको कारण पैदा भएको एकआपसी घृणा, द्वेष र बदलाको मानसिकतालाई सबै पक्षले बदल्नु पर्दछ । सम्माननीय अध्यक्षज्यू, सत्य निरूपण तथा मेलमिलाप सम्बन्धी हजारौं उजुरी छन् । कहिले कहिले छानबिन हुने, कहिले मेलमिलाप हुने, पीडितहरूले कहिले न्याय पाएको अनुभूति गर्न पाउने हुन् । चाँडोभन्दा चाँडो प्रक्रिया अगाडि बढोस् । शान्ति प्रक्रिया असफल भएर फेरि द्वन्द्व नदोहोरियोस् । एकले अर्कालाई बदला लिने कुरा नहोउन् । आयोग क्षेत्राधिकार भन्दा बाहिर गएर जो खेल्न खोजिरहेका छन् तिनीहरूले ठाउँ नपाउन सत्य निरूपण तथा मेलमिलापको काम सरकारको पहिलो प्राथमिकतामा परोस् । सम्माननीय अध्यक्षज्यू, शान्ति प्रक्रिया सुरु गर्ने नेपाली कांग्रेस र माओवादी दुवै सहकार्यमा छौं हामी, दुबै पक्ष गम्भीर भएर लागौं । र सत्य निरूपण मेलमिलाप अरु सबैको सहयोग लिएर टुङ्ग्याउने काम गरौं । सम्माननीय अध्यक्षज्यू, त्यतिबेलाका पीडित, पिडक दुवै पक्षका बीचमा एकआपसी प्रेम सद्भाव र सहयोगको वातावरण छिटो भन्दा छिटो बनाउनेतर्फ बहस होइन काम थाल्नुपर्छ । सम्माननीय अध्यक्षज्यू, मलाई एक मिनेट थपिदिनुहोला । द्वन्द्वको त्यो समयका पीडक र पीडित दुवैलाई शान्ति चाहिएको छ । जनता र राष्ट्रलाई पनि शान्ति चाहिएको छ । त्यसैले कोही, कसैले र कुनै पार्टी विशेषले पनि त्यसलाई

राजनीति गरिरहने विषय बनाउनु हुँदैन । राजनीतिक प्रतिशोध लिने हतियार बनाउनु हुँदैन । देशले आतङ्क, त्रास होइन, शान्ति, समृद्धि र विकास चाहिएको छ । सम्माननीय अध्यक्षज्यू, सत्यनिरूपन तथा मेलमिलाप आयोग बनेको ९ वर्ष भयो । संशोधन विधेयकमाथि छलफल चलेको दुई वर्ष हुन लाग्दैछ । अहिले भर्खर दलका शीर्ष नेताको बीचमा सहमति हुन लागेको कुरा सुनिएको छ, त्यो खुसीको कुरा हो । सम्माननीय अध्यक्षज्यू, मलाई एउटा कुरा भन्न मन लागेको छ । मेलमिलाप पीडक र पीडित पक्षलाई चाहिएको हो रमिते र भाँडभैलो मच्चाउन खोज्नेलाई होइन । त्यसैले अब ढिला नगरीकन पीडित र पीडक छलफल थाल्ने कामको सुरुवात गरियोस् । पीडित पक्षलाई परिपूरकको अवस्था गरियोस् । बेपत्ता घाइते विस्थापितलाई के गर्नुपर्ने र परिवारलाई के गर्नुपर्ने तुरुन्त गरियोस् । यो काम सकेसम्म चाँडो टुङ्ग्याएर मुलुकमा फेरि द्वन्द्व नहुने वातावरण बनाइयोस् । सम्माननीय अध्यक्षज्यू, यो विधेयकले पनि द्वन्द्व पीडित सुरक्षाकर्मी तथा उनीहरूका परिवारलाई सबैलाई समेटेर काम गरियोस् । हवस् त धन्यवाद जय नेपाल ।

**सम्माननीय अध्यक्ष** :- माननीय सदस्य कुमार दसौदी । समय ५ मिनेट । यसपछि माननीय कुमार दसौदी ।

(१३:५६ बजे) **माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अब यो समय अलि लामै छ भन्ने पर्‍या थियो तर घटेछ । के भएर हो कुन्नी? यो डयासमा आएर जदौ गरेर फर्किने जस्तो भयो, त्यही पनि म केही कुरा राख्ने प्रयास गर्छु र सुरुमै सामाननीय अध्यक्षज्यूसँग म चाहिँ एक मिनेट समय थपको माग गर्दछु ।

यो रोस्टममा आइसकेपछि सरकारको प्रशंसै प्रशंसा गरौं जस्तो लाग्छ । तर त्यो सरकारको काम हेर्दाखेरि प्रशंसा गर्ने ठाउँ भेटिँदैन । अब यो हाम्रो चाहिँ नैतिकता हराएको मुलुक हो कि अब के हो? १७ हजारबाट १७ हजार २ को चाहिँ मतलब सङ्ख्या हाम्रो प्रधानमन्त्रीजीको जिम्मामा चाहिँ छ भनेर चाहिँ आरोप लागिरा' छ । हाम्रो मुलुकमा व्यवस्था पटक पटक किन खोसिन्छ? जनताले ल्याएर लडेको व्यवस्था किन खोसिन्छ? किन चाहिँ मतलब सहिद हुनुपर्छ हाम्रो मुलुकमा? तीन तीन पटक खोसिदासम्म पनि हामी किन जोगाउन सकिरा' छैनौं? किनभने हामीले सरकारमा बस्दाखेरि, जनप्रतिनिधि हुँदाखेरि हामीले हाम्रो नैतिकता प्रदर्शन गर्न सक्या छैनौं । यो सत्य कुरालाई हामीले बुझ्न सक्ने कि नसक्ने? हामी मन्त्री छौं, हामी प्रधानमन्त्री छौं, हामी सांसद छौं, जनतालाई उदाहरणीय बन्ने संस्कार, आचरण, नैतिकता

सिकाउने जिम्मा त हाम्रो होला नि? तर आज भा' छ त्यो? अख्तियारले भ्रष्टाचारको आशङ्कामा मन्त्रीलाई चाहिँ बोलाउँछ, मन्त्री जाँदैन । सभामा कुरा उठ्छ, जाँदा फिरिरिरी झन्डा हल्लाएर चाहिँ अख्तियारमा बयान दिन गइन्छ । तर मन्त्रीले कुनै पनि हीनताबोध, लाज केही छैन, गएर बयान दिएर अहिले पनि चाहिँ मतलब झन्डा हल्लाएर हिड्नुहुन्छ, मतलबै छैन । व्यवस्था किन खोसिन्छ? यस्तै कारणले खोसिन्छ । दुई जना सहिद धेरै कुरा अघि उठिसक्यो । मन्त्रीले कम्तीमा नि मेरा कारणले नभए नि मैले चाहिँ राजीनामा गर्न पर्छ भन्न पर्दैन? गर्न पर्दैन? विदेश काम गर्न जान्छु भन्ने मान्छे मारिए । त्यहाँ उत्तेजना फैलाउने मन्त्रीले त गर्न पर्थ्यो पर्थ्यो, त्यसको साथसाथमा आदेश दिने मन्त्रीले पनि राजीनामा गर्नुपर्थ्यो । त्यो दुइटै मान्छे अहिले पनि जस्ताको त्यस्तै झन्डा हल्लाएर हिँडेका छन् । कुनै उनीहरूलाई चाहिँ मतलब हीनताबोध छैन । यही कारणले व्यवस्था, पटक पटक जनताले ल्याएको व्यवस्था खोसिन्छ । त्यसकारण यो कुरालाई असाध्यै विचारणीय ढङ्गले हामीले ध्यान दिन जरुरी छ ।

त्यति मात्र होइन मैले राजनीतिक निर्णय गर्दाखेरि बुद्धको चाहिँ, के कोषमा चाहिँ मान्छे नियुक्त गर्दा यो सरकारको सुशासन ल्हाक्यालले लर्काउलान् भोलिपल्टै बोल्या थिए यहाँ । तर अशोक राजाले सम्म त हिम्मत नगरेको कुरा अहिले चाहिँ उत्खनन्को लागि अहिले चाहिँ त्यहाँ मतलब निजी कम्पनीलाई दिने कुरा आयो, अस्ति चाहिँ मतलब समितिको निर्देशनबाट back भ'को भनियो । Back भइसकेपछि त्यो गलत निर्णय गर्ने मन्त्रीले राजीनामा गर्नुपर्छ कि पर्दैन? कहाँ देखाउने हो नैतिकता? कस्तो सन्देश दिने हो जनतालाई? त्यसकारण सरकारको प्रशंसा गरौं भन्दाखेरि पनि यो सरकार त्यतापट्टि छैन । हामीले हिजो ०७९ सालमा सरकारले निर्णय गऱ्यो । कृषि महिला उद्यमका लागि ५% मा चाहिँ मतलब ऋण दिने, उद्यमी महिलाहरूको लागि ६% ऋण दिने, तर सरकारले गऱ्यो? आज यो सिङ्गो मुलुकको चाहिँ अर्थव्यवस्था दुई/चार जना मान्छेले बैङ्क खोलेर, दुई/चार जना मान्छेले यो अर्थव्यवस्थालाई आफ्नो मुठ्ठीमा राखेका छन् । सटर दैनिक बन्द भएका छन्, मान्छेहरू बेरोजगार बन्दै गएका छन्, सहुलियत दरमा महिलाहरूले चाहिँ मतलब आधा आकाश ढाक्ने हामी महिला भन्छौं तर हिजो गरिसकेको व्यवस्थालाई कटौती गरेर सरकारले अहिले ऋण प्रवाह चाहिँ रोकेको छ । किन रोकेको? त्यो महिलाहरूले उद्यम गर्नका लागि त्यो ऋण चाहिँ प्रवाह गर्न पर्दैन? सहुलियत दरमा गर्ने भनेर निर्णय आइसकेपछि त्यत्रो चाहिँ गठबन्धन, यत्रा पार्टीहरूको सरकार जनताको पक्षमा हामी यसो गर्छौं, त्यसो गर्छौं भनेर तपाईंहरू सरकार बना'को खोइ? जनतालाई चाहिँ गरेको निर्णय, भ'को व्यवस्था पनि किन हटाउनुभो'? अब किन रोक्नुभ'को छ? त्यसकारण यस्ता कुराहरू तत्काल सञ्चालन गरिनुपर्छ ।

आज जनताले, कृषकले २ अर्ब रुपैयाँ सरकारले तिर्न सकेन दुधको पैसा चाहिँ जनताले पाएनन् भनेर आइराख्या छ । किनभने सरकार कृषकलाई माथि उठाउनै चाहन्न, दिँदैन । के जनताले, उपभोक्ताले दुध खाँदाखेरि उधारो खा' छ कसैले? सबैले पैसा तिरेर खा' छ । तर सरकारले किसानलाई किन पैसा उपलब्ध गराउँदैन? त्यसकारण यो सरकार जनताको पक्षमा छैन । यो सरकार जनताको विरुद्धमा छ । त्यसकारण सरकारले जनपक्षमा काम गर्दा हामी दुई होइन एकदम दश, सबै उसले चाहिँ तालि पिट्थ्यो नि । दुइटा हात, हात मात्रै होइन, हात मुख जे जे बज्छन्, खुट्टा समेत बजाउँथ्यो नि । तर सरकार त्यो पक्षमा छैन । त्यसकारण म भन्छु सरकारले भनेर होइन लोकप्रियता कमाउने, त्यो चाहिँ पब्लिक कन्जमका लागि होइन, जनताको पक्षमा निर्णय गरेर, जनताको पक्षमा, हितमा निर्णय गरेर जनतालाई जनताप्रति समर्पित भएर, सहिदलाई सम्झेर निर्णय गर्‍यो, कार्यान्वयन गर्‍यो भने मात्रै अनि हामी व्यवस्था जोगाउन सक्छौं, हामी जनताका प्रतिनिधि बन्न सक्छौं, सरकार अँ म लोकप्रिय भा' छु भनेर भन्न सक्छ । अन्यथा सक्दैन । फाइल उठाउने, थन्केर जाने । सुन काण्ड, ट्रकका ट्रक सुन आउँछन् तर कारबाही हुँदैन । जग्गा काण्ड उठायो, छुटेर जान्छन् । आज सामान्य मान्छे चाहिँ मतलब कारबाहीमा पर्छन् । त्यससँग समन्वय र नीतिगत निर्णय गर्ने मान्छेहरू छाती फुलाएर अझ चाहिँ मतलब अगाडि पछुवा गाडी लगाएर प्याँप्याँ, पुँपुँ पार्दै चाहिँ सडकमा ओर्लिन्छन् । हामीलाई लाज लाग्नुपर्दैन? त्यसकारण हामी असाध्यै गम्भीर बन्नुपर्छ । फेरि पनि अहिले किन चाहिँ सडकमा व्यवस्थाका विरुद्ध उठ्दै छ आवाज? भन्दा यहीं कारणले उठ्दै छ । यसमा तपाईं हामी सबैजना प्रतिनिधि गम्भीर बन्न सक्यो भने मात्रै व्यवस्था जोगिन्छ । जनताप्रति कसरी समर्पित हुने भन्ने कुरा हामीले आजैदेखि लाग्नुपर्छ । विदेश जाने नागरिकलाई पनि हामी यसरी नै रोक्न सक्नुपर्छ । आज किसानमाथि, कृषकमाथि जस्तो खालको हमला छ, सिङ्गो पशुपालन कृषिमा आज ८६% त्यसले चाहिँ थेगेको छ । तर त्यहाँ उत्पादित, उत्पादन गरेको छ, तरकारी फालेको छ । दुध उत्पादन गरेको छ, फालेको छ । जनता किन चाहिँ .... सरकारसँग कार्यक्रम नै छैन । धन्यवाद ।

(१४:०३ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद सदस्यहरूको कार्यभार तोकिएको पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु। माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री डाक्टर बेदुराम भुसाल श्रीलंकाको कोलम्बोमा आयोजना हुने खाद्य तथा कृषि सङ्गठनको ३७ औ एसिया प्यासिफिक क्षेत्रीय मन्त्रीस्तरीय गोष्ठीमा सहभागी हुन सम्वत् २०८० साल फागुन ५ गते

त्यसतर्फ प्रस्थान गर्नुभएको गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मुख्य सचिव
२०८० फागुन ९

माननीय सदस्यहरू, माननीय सदस्य दिलकुमारी रावल थापा (पार्वती) प्रस्तावक र माननीय सदस्य देवेन्द्र दाहाल, माननीय सदस्य अनिता देवकोटा, माननीय सदस्य गोपी बहादुर सार्की आछामी, माननीय सदस्य जयन्ती देवी राई, माननीय सदस्य मोहम्मद खालिद, माननीय सदस्य सदस्य शेखरकुमार सिंह, माननीय सदस्य तुलप्रसाद विश्वकर्मा, माननीय सदस्य डाक्टर विमला राई पौड्याल र माननीय सदस्य खिमलाल देवकोटा समर्थक भई मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्नेसम्बन्धी सङ्कल्प प्रस्ताव दर्ता गर्नुभएको बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्नेसम्बन्धी सङ्कल्प प्रस्ताव माथि राष्ट्रिय सभा नियमावली २०७५ को नियम ८५ बमोजिम कुनै पनि माननीय सदस्यहरूबाट संशोधनको सूचना प्राप्त नभएको बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म सङ्कल्प प्रस्तावको प्रस्तावक माननीय सदस्य दिलकुमारी रावल थापा पार्वतीलाई उक्त सङ्कल्प प्रस्ताव सभासमक्ष पेस गर्न समय दिन्छु । समय १० मिनेट ।

(१४:०५ बजे) **माननीय श्री दिलकुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले म आफ्नो सङ्कल्प प्रस्ताव सम्मानित सदनमा प्रस्तुत गर्न चाहन्छु ।

श्री सचिवज्यू,
राष्ट्रिय सभा,

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ७८ बमोजिम देहायबमोजिमको सङ्कल्प पेस गर्ने अनुमतिका लागि सूचना दिएको छु । सङ्कल्प प्रस्तावको विषय "मौलिक हक कार्यान्वयनको

लागि कानुन निर्माण सम्बन्धमा" संविधान घोषणा भएको ८ वर्ष पूरा भएर अगाडि बढेका छौं । राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले अध्ययन गरी २०८० साल असार २ गते पेस गरेको संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० अनुसार यसको पूर्ण कार्यान्वयनको लागि १८१ वटा कानुन बन्नुपर्नेमा १५१ वटा संघले, २४ वटा प्रदेशले, ६ वटा स्थानीय तहबाट बनाउनुपर्नेमा हालसम्म संघले १११ वटा कानुन बनाइसकेको छ । संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० अनुसार संघले ४० वटा कानुन तत्काल बनाउनुपर्ने देखिन्छ । संविधान जारी भएको ३ वर्षभित्र मौलिक हकसँग सम्बन्धित सम्पूर्ण कानुन बनाइसक्नुपर्ने हाम्रो संवैधानिक व्यवस्था छ ।

सम्माननीय अध्यक्ष महोदय, संविधान प्रदत्त मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण ३ वर्षभित्र गरिसक्नुपर्ने संविधानको धारा ४७ मा उल्लेख छ । तर उक्त प्रतिवेदनअनुसार नै अझ पनि एक दर्जनभन्दा बढी मौलिक हकसँग सम्बन्धित धाराहरू जस्तैः स्वतन्त्रताको हक धारा १७ (२), समानताको हक धारा १८, सञ्चारको हक धारा १९, न्यायसम्बन्धी हक धारा २०, यातनाविरुद्धको हक धारा २२, निवारक नजरबन्द विरुद्धको हक धारा २३, सम्पत्तिको हक धारा २५ (३), धार्मिक स्वतन्त्रताको हक धारा २६ (२), शोषणविरुद्धको हक धारा २९ (४), शिक्षासम्बन्धी हक धारा ३१, स्वास्थ्यसम्बन्धी हक धारा ३५, महिला हक धारा ३८, दलित हक धारा ४० (५) र (६) को कार्यान्वयनको लागि कानुन बन्न बाँकी रहेको छ । जुरी नेपालले २०७८ सालमा गरेको अध्ययन प्रतिवेदनअनुसार महिला हकको धारा ३८ सँग बाझिएको कानुनको सङ्ख्या मात्रै ४२ वटा थिए । जुन अहिलेसम्म पनि संशोधन भएका छैनन् । संविधानको पूर्ण कार्यान्वयनको लागि आवश्यक कानुन बनाई नागरिकको मौलिक हक उपभोग सुनिश्चितता गर्नु राज्यको दायित्व हो र उपभोग गर्न पाउनु नागरिकको कर्तव्य हो । त्यसैले यो सङ्कल्पप्रस्ताव प्रस्तुत भएको छ । कानुनको अभावमा संविधान प्रदत्त नागरिकको मौलिक हक कार्यान्वयनमा समस्या भएकोले यो सङ्कल्पप्रस्ताव पेस भएको छ । संविधान जारी भएको नवौं वार्षिक उत्सवको सन्दर्भ हामी आगामी २०८१ साल असोज ३ गते मनाउने चरणमा छौं । असोज ३ गतेसम्म उल्लेखित सम्पूर्ण कानुन बनाइसक्न संघीय संसदको चालु यो पन्ध्रौं अधिवेशनभित्रै संसदसमक्ष सम्बन्धित विधेयकको मस्यौदा गरी पेस गर्न यो सङ्कल्प प्रस्ताव पेस गरेको छु । यो सङ्कल्प प्रस्तावको थप अध्ययन प्रतिवेदन मैले यसै साथ अनुसूचीमा समावेश गरेको छु ।

सम्माननीय अध्यक्ष महोदय, हामीले विधायन समितिले गरेको अध्ययन प्रतिवेदनलाई आधार र जुरी नेपालले गरेको अध्ययन प्रतिवेदनको आधारमै रहेर हामीले यो सङ्कल्प प्रस्ताव

प्रस्तुत गरेका हौं । त्यसैले मौलिक हकसँग बन्नुपर्ने कानुन समयमै बनाउनको लागि यो सङ्कल्प प्रस्ताव सभामा रहेका सबै राजनीतिक दलहरू, स्वतन्त्र, मनोनीत, सबै सबैको सर्वसम्मतिमा यो पेस भएको जानकारी पनि गराउन चाहन्छु ।

**(१४:०९ बजे)** **पीठासीन**:- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

मुख्यतः संविधानको मौलिक हक धारा १० मा नागरिकतासम्बन्धी व्यवस्था छ । धारा १० को लागि पनि छ । त्यस्तै गरेर धारा २० छ, धारा ३१ छ, अघि मैले राखिसकेको छु । धारा ३५ छ, त्यस्तै गरेर धारा १७ छ, धारा १९ छ, धारा २५ छ, धारा ३१ छ, धारा ३८ छ । यो कुरा पनि म यहाँ जानकारी गराउन चाहन्छु । त्यस्तै गरेर अरू थुप्रै कानुनहरू बन्न बाँकी छ । हामी संघीयता कार्यान्वयन चरणमा छौं, संविधान कार्यान्वयन चरणमा छौं । अरू थुप्रै नयाँ कानुन निर्माण गर्नुपर्ने छ, संशोधन गर्नुपर्ने छ । तर पनि संविधान जारी भएको ३ वर्षभित्र मौलिक हकसँग सम्बन्धित कानुन बनाउनुपर्ने संविधानको धारा ४७ को व्यवस्थालाई कार्यान्वयन नभएको हुनाले यो सङ्कल्पप्रस्ताव पेस गरेको बेहोरा जानकारी गराउन चाहन्छु ।

त्यस्तै गरेर म एउटा महिला जनप्रतिनिधि पनि भएको हुनाले, जनसङ्ख्याको आधा हिस्सा ओगट्ने महिलाहरूको सन्दर्भ पनि जोडिएको हुनाले नेपालको संविधान, २०७२ को मौलिक हकको रूपमा रहेको धारा ३८ कार्यान्वयन भएको छैन । त्यो धारा ३८ सँग जोडिएका प्रत्येक महिलालाई लैङ्गिक विभेदविना समान वंशीय हक, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक, महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलनका आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक, अन्य कुनै किसिमका हिंसाजन्य कार्य, शोषण गरिने छैन । यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक छ । त्यस्तै गरेर राज्यका सबै निकायमा महिलाहरूको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक, महिलाहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षामा सकारात्मक विभेदको आधारमा विशेष अवसरको अवसर प्राप्त गर्ने हक, सम्पत्ति तथा पारिवारिक मामलामा दम्पतीको समान हक जस्ता कानुनहरू बन्न सकेका छैनन् । त्यसैले ४२ वटा धारा ३८ सँग महिला हकसँग सम्बन्धित, मौलिक हकसँग सम्बन्धित ४२ वटा कानुन संशोधन गर्नुपर्ने छ । त्यसो भएको हुनाले प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हकको सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता ऐन, २०७६ नेपाल नागरिकता ऐन, २०६३ तथा नियमावली, बालबालिका सम्बन्धी ऐन, २०७५, प्रत्येक महिलाको सुरक्षित

मातृत्वको हक सम्बन्धमा सुरक्षित मातृत्व हक प्रजनन स्वास्थ्य सम्बन्धी ऐन, ७५, महिला हिंसाविरुद्धको हकअन्तर्गत मानव बेचबिखन, ओसारपसार नियन्त्रण ऐन, ६४, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण गर्ने सम्बन्धमा बनेको ऐन, २०७१, घरेलु हिंसा, कसुर र सजाय ऐन, २०६६, मुलुकी देवानी संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४, मुलुकी अपराध संहिता फौजदारी कार्यविधि संहिता ऐन, २०७४, फौजदारी कसुर सजाय निर्धारण र कार्यान्वयन, २०७४ र बालबालिका सम्बन्धी ऐन, ७५, राज्यका सबै निकायमा महिलाहरूको समानुपातिक समावेशी सिद्धान्त को आधारमा सहभागी हुने हकअन्तर्गत लोकसेवा आयोग ऐन, २०६६, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, निर्वाचन आयोग ऐन, २०७३, मानव अधिकार आयोग ऐन, २०६८, राष्ट्रिय महिला आयोग ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, राष्ट्रिय दलित आयोग ऐन, २०७४, राष्ट्रिय समावेशी आयोग ऐन, २०७४, राष्ट्रिय आदिवासी जनजाति आयोग ऐन, २०७४, राष्ट्रिय समावेशी ऐन, २०७४, राष्ट्रिय थारु आयोग ऐन, २०७४, राष्ट्रिय मुस्लिम आयोग ऐन, २०७४, निजामती सेवा ऐन, २०४९, नेपाल विशेष सेवा ऐन, २०४२, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३, न्याय सेवा ऐन, २०७३, प्रहरी सेवा ऐन, २०१२, सशस्त्र प्रहरी ऐन, २०५८, सैनिक ऐन, २०६३, राजनीतिक दल सम्बन्धी ऐन, २०७३, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ र स्थानीय तह निर्वाचन ऐन, २०७३, महिला हकलाई सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्ने हकसम्बन्धी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, जनस्वास्थ्यसम्बन्धी ऐन, २०७४, रोजगारीसम्बन्धी हक, २०७५, सम्पत्ति र पारिवारिक मामलामा दम्पतीको समान हकअन्तर्गत मुलुकी देवानी संहिता, २०७४, यी कानुनहरू धारा ३८ कार्यान्वयन गर्नको लागि बन्नुपर्ने, संशोधन हुनुपर्ने बेहोरा जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्ने गरी संघीय संसदको चालु पन्ध्रौं अधिवेशनभित्रै संसदसमक्ष विधेयकहरूको मस्यौदा गरी पेस गर्ने सम्बन्धमा सभामा छलफल भई नेपाल सरकारलाई उपयुक्त निर्देशन हुन सभासमक्ष यो सङ्कल्प प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

(१४:१४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म सङ्कल्पको प्रस्तावका समर्थक माननीय सदस्यहरूलाई उक्त प्रस्तावको समर्थन गर्न समय दिन्छु । प्रत्येक समर्थक

माननीय सदस्यहरूलाई तीन मिनेटको समय निर्धारण गरेको छु । माननीय सदस्यज्यूहरूले यथास्थानबाटै बोल्नुहुने छ । सर्वप्रथम माननीय सदस्य देवेन्द्र दाहाल ।

(१४:१५ बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेभित्र बनाइसक्नका लागि नेपाल सरकारलाई निर्देशन दिने सन्दर्भमा, यस सम्मानित सदनबाट निर्देशन दिने सन्दर्भमा प्रस्तुत भएको सङ्कल्प प्रस्तावको सर्वप्रथम त म समर्थन गर्दछु, समर्थन गरेको छु । र हाम्रो देशमा संविधान २०७२ सालमा जारी भयो, सम्माननीय अध्यक्ष महोदय । र त्यो संविधानमा १६, धारा १६ देखि ४८ सम्म मौलिक हकको व्यवस्था गरिएको छ नागरिकहरूको लागि । जम्मा ३३ वटा धारामा उल्लेख गरिएको छ । त्यसमध्ये ४७ र ४८, ४७ मा ३ वर्षभित्र कानुनी व्यवस्था गर्नुपर्ने भन्ने निर्देशन गरेको छ, ४८ मा नागरिकहरूको कर्तव्यको बारेमा उल्लेख गरिएको छ । जम्मा ३१ वटा धाराहरू मौलिक हकसँग सम्बन्धित रहेका छन् । र यस सम्बन्धमा अहिलेसम्म १८ वटा कानुनहरू बनिसकेको र अझै १३ वटा कानुनहरू बन्न बाँकी रहेको मौलिक हकलाई कार्यान्वयन गर्ने सम्बन्धमा, अझै १३ वटा कानुनहरू बाँकी रहेको । र यस सन्दर्भमा प्रस्तावक माननीयज्यूले आफ्नो प्रस्ताव प्रस्तुत गर्दाखेरि पनि भनिसक्नुभएको छ । ती धेरै कानुनहरू चाहिँ अतिआवश्यक कानुनहरू छन् । स्वास्थ्य सम्बन्धी, शिक्षा सम्बन्धीलगायत दलितको हकसम्बन्धी, धार्मिक स्वतन्त्रताको हकसम्बन्धी निकै नै महत्वपूर्ण विषयमा अझै पनि कानुन बन्न बाँकी रहेको छ । त्यसकारणले गर्दाखेरि म यी कानुनहरू तुरुन्तै बन्नुपर्छ र तुरुन्तै भन्नाले हामीले एउटा समय अवधि तोकेका छौं र त्यो समय अवधि भनेको अबको लगभग एक वर्षभित्र, एक वर्ष अझै एक वर्ष पनि छैन, एक वर्षभन्दा अलि बढी छ । आगामी ०८१ असोज ३ गतेभित्र सम्पूर्ण कानुन बन्न बाँकी रहेका, मौलिक हकसँग सम्बन्धित कानुनहरू बाँकी रहेका कानुनहरू बनाउनुपर्छ भनेर हामीले प्रस्तावित गरेका छौं । र यस सन्दर्भमा नेपाल सरकार गम्भीर हुनुपर्छ । र यसपटकको यो सदन यो जुन विधायन सदन भनेर भनिएको छ, यो सदनको एउटा घटना हेर्दाखेरि, यसले गर्ने कामहरूलाई हेर्दाखेरि के देखिन्छ भने माघमा केही बैठकहरू, ४/५ वटा बैठकहरू र फागुनमा ९ वटा बैठकहरू जम्मा डेढ महिनाको बिचमा चाहिँ १२/१३ वटा बैठक, १३/१४ वटा मात्रै बैठकहरू देख्दाखेरि चाहिँ यो कानुन बन्ने अवस्था पनि देखिँदैन । त्यसकारणले गर्दाखेरि यो कार्यसूचीलाई पनि अझै परिमार्जन गरेर घना ढङ्गले यी कानुन निर्माण गर्नका लागि नेपाल सरकार लाग्नुपर्छ भनेर अनुरोध गर्दै म यो प्रस्तावको समर्थन गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य अनिता देवकोटा । समय ३ मिनेट ।

(१४:१८ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, संविधानमा बन्न बाँकी कानुनहरूको सङ्कल्प प्रस्ताव आएको छ । यो सङ्कल्प प्रस्ताव २०८१ असोज ३ गतेसम्म बनिसक्नुपर्छ भन्ने जुन प्रस्ताव आएको छ, यो प्रस्तावको म पूर्ण रूपमा समर्थन गर्न चाहन्छु । संविधान जारी भएको यति लामो समय भइसक्दा पनि संविधानअनुसार कानुनहरू बन्न नसक्दा संविधानको संघीय लोकतान्त्रिक गणतन्त्र धरापमा पर्ने अवस्था सिर्जना भएको छ । यसले गर्दा सरकार समयमै कानुन निर्माणतर्फ ध्यान जानुपर्छ भन्ने हामीलाई लागेको छ । यो सरकारको काम कानुन निर्माण गर्ने हो र संविधानअनुसार कति कानुन बन्न बाँकी छन्? प्रदेश र स्थानीय तहले, संघले कानुन बनाएन त्यही कारणले काम गर्न पाएनौं भन्ने गुनासो आइरहेको बेला राष्ट्रिय सभाको विधायन समितिअन्तर्गत उपसमिति निर्माण गरेर उपसमितिको संयोजक हुने मलाई अवसर प्रदान गरेको थियो । हामीले यस संविधानअनुसार कति कानुनहरू बन्न बाँकी छन् भनेर अध्ययन गऱ्यौं । र १८१ वटा कानुनहरूमा तत्काल बनाउनुपर्ने कानुन संघले ४० वटा, प्रदेशले २४ वटा र स्थानीय तहले ६ वटा कानुनहरू बनाउनुपर्छ भनेर हामी राष्ट्रिय सभामा उपसमितिका माध्यमबाट समितिले राष्ट्रिय सभामा प्रतिवेदन पेस गऱ्यो । त्यो प्रतिवेदनमा छलफलको क्रममा स्वयम् प्रधानमन्त्री उपस्थित हुनुभयो र प्रधानमन्त्रीले तत्काल यी कानुनहरू हामी निर्माण गर्छौं भनेर प्रतिबद्धता पनि व्यक्त गरिसक्नुभएको अवस्था हो । तर अहिले आउँदा पनि ज्यूँका त्यूँ ती कानुनहरू निर्माण हुन सकेका छैनन् । मलाई अत्यन्त दु:ख लागेर आएको छ । हामी अध्ययन प्रतिवेदन पेस गर्छौं, प्रधानमन्त्री संसदमा आएर प्रतिबद्धता व्यक्त गर्नुहुन्छ, फेरि सङ्कल्प प्रस्ताव ल्याउनुपर्ने हाम्रो बाध्यता रहेको छ । त्यसैले तत्काल कानुनहरू निर्माण गर्नुपर्ने आवश्यकता छ । संघीय लोकतान्त्रिक गणतन्त्र अगाडि बढेन भन्ने र हामी गाडी किन्ने, गाडीभित्र बस्ने ड्राइभर पनि नराख्ने, पेट्रोल पनि नहाल्ने, अनि गाडी चलेन भनेर भन्न मिल्दैन । त्यसैले समयमै संविधानअनुसार कानुन निर्माण हुनुपर्छ । संविधानमा हस्ताक्षरकर्ता प्रधानमन्त्री हुनुहुन्छ, हस्ताक्षरकर्ता कानुन मन्त्री अहिले हुनुहुन्छ । त्यसैले तत्काल संविधानअनुसार बन्न बाँकी कानुनहरू तत्काल निर्माण गरेर मौलिक हक, महिलाका हक, दलितका हक ३ वर्षभित्रमा निर्माण गरिसक्नुपर्ने कानुनहरू तत्काल निर्माण गरेर राज्यलाई, सरकारलाई, कानुन भनेको सरकार सञ्चालन गर्ने उपकरण हो । यो उपकरणलाई चुस्त दुरुस्त बनाउनको लागि म सम्बन्धित सभाका माध्यमबाट

सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । यो प्रस्तावको पूर्ण रुपमा समर्थन गर्न चाहन्छु । धन्यवाद । जय नेपाल।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य गोपीबहादुर सार्की आछामी । समय ३ मिनेट ।

(१४:२२ बजे) **<u>माननीय श्री गोपीबहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय दिलकुमारी रावल थापा "पार्वती"ले यो २०८१ असोज ३ गतेसम्म चाहिँ संविधानमा संविधान प्रदत्त कानुनहरू निर्माणको लागि जुन प्रस्ताव राख्नुभ'को छ, त्यो प्रस्तावलाई म मेरो आफ्नो तर्फबाट र मेरो आफ्नो पार्टीको तर्फबाट पनि म हार्दिक समर्थन गर्न चाहन्छु । हामीलाई थाहा छ ०६२/०६३ को जनआन्दोलन, १० वर्षको जनयुद्ध र सबै परिवर्तनकारी आन्दोलनको बिचबाट पहिलो र दोस्रो संविधान सभा हुँदै संविधानसभाले चाहिँ संविधान बनायो । संविधान बनाइसकेपछि संविधानमै उल्लेख गरिएको र सबै राजनीतिक दल र पार्टीहरूले एउटा प्रतिबद्धता जाहेर गरेका थिए । त्यो भनेको चाहिँ तीन वर्षभित्र संविधानको चाहिँ मौलिक अधिकारसँग सम्बन्धित कानुन बनाइसक्ने भन्ने जुन एउटा प्रतिबद्धता थियो, त्यो प्रतिबद्धताअनुसार आज ८ वर्ष भइसक्यो संविधान बनेको तर ती कानुनहरू नबन्दाखेरि जनताका मौलिक हकहरू कुण्ठित भइराखेका छन् । र चाहिँ जनता एक हिसाबले राज्य विरोधी बन्ने जुन स्थिति पैदा भइराखेको छ र परिवर्तन विरोधी शक्तिहरूले पनि राज्यको विरुद्धमा जुन ढङ्गको चाहिँ चलखेल गर्ने स्थिति पैदा भइराखेको छ, यो स्थितिको अन्त्यको लागि पनि र अघि माननीय अनिता देवकोटाज्यूले भन्याजस्तै कानुन भनेको चाहिँ राज्य सञ्चालनको चाहिँ यन्त्र हो, मेसिन हो । यो मेसिनलाई हामीले चुस्त दुरुस्त बनाएनौं भनेदेखि राज्य जसरी हामीले परिकल्पना गरेका छौं, जसरी प्रतिबद्धता जाहेर गरेका छौं, त्योअनुसार अगाडि बढ्न सक्दैन र जनता निराश हुने र जनता राज्यविरोधी र परिवर्तनविरोधी हुने जुन स्थिति पैदा भएको छ, यसलाई अन्त्य गर्नको लागि हामीले कुनै पनि ढिलासुस्ती नगरीकन नेपाल सरकारलाई हामी आग्रह गर्न चाहन्छौं । नेपाल सरकारको तर्फबाट एउटा प्रतिबद्धता र अहिले फेरि कानुन बनाउने विधेयकहरू चाहिँ टेबुल गर्ने ढङ्गले तयारी पनि गरिराखेको छ । यो मौलिक हकसँग सम्बन्धित विशेष गरेर चाहिँ महिला, दलित, शिक्षा, स्वास्थ्य र चाहिँ रोजगारीसँग सम्बन्धित विषयहरूलाई यी चाहिँ चाँडै टुङ्ग्याएर अगाडि बढ्न आग्रह र निवेदन गर्दै म यो प्रस्तावको चाहिँ पक्षमा समर्थन गर्न चाहन्छु । हस् त, अभिवादन ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य जयन्ती देवी राई । माननीय सदस्य जयन्ती देवी राई । माननीय सदस्य जयन्ती देवी राई ।

माननीय सदस्य मोहम्मद खालिद ।

(१४:२५ बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)**ः- सम्माननीय अध्यक्षज्यू, म पूर्ण रूपले यस सङ्कल्प प्रस्तावको म समर्थन गर्छु । र यस सदनमा यससम्बन्धी मैले वक्तव्य पनि दुई चोटि दिइसक्या छु । मौलिक अधिकारसम्बन्धी र राज्यका निर्देशक सिद्धान्तसम्बन्धी अर्थात् संविधानका भाग ३ र ४ सम्बन्धी कानुनहरू बन्नु अतिआवश्यक रहेको छ । अनि धेरै यस्ता कुराहरू जुन अहिले बाहिर सरकारको विरुद्ध होस्, वा व्यवस्थाको विरुद्ध होस्, वा संविधानको विरुद्ध होस्, जुन आइरहेको छ, यो कानुनहरू निर्माण नहुनु पनि एउटा कारकतत्त्व हो । यदि संघीयता कार्यान्वयनसम्बन्धी पनि धेरैजसो कुराहरू, मौलिक अधिकारका कुराहरू योसँग आबद्ध छन् । हामीले दलित, मुस्लिम, मधेसी र सबै पिछडिएका वर्ग, समुदाय र व्यक्तिसम्मलाई राज्यको पहुँच उहाँहरूको हुनुपर्छ भन्ने संविधानको यो मौलिक अधिकारको राज्यको निर्देशक सिद्धान्तको यो मर्म रहेको छ । तर यो अहिलेसम्म भइरहेको छैन र उनीहरूको त्यही भावनालाई clash गराएर अहिले राज्यको र संविधानको व्यवस्थाको विरुद्धमा मान्छेलाई, जनतालाई उचाल्ने कार्य भइरहेको छ । संसदको मूल्य कार्य, मूल कार्य संविधान निर्माण नै हो, कानुन निर्माण नै हो । त्यसले गर्दा म यस सङ्कल्प प्रस्तावको समर्थन गर्दै म सरकारसँग र सम्बन्धित सबै सरोकारवालाहरूसँग कार्यान्वयनको लागि विनम्र अनुरोध गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य शेखर कुमार सिंह । समय ३ मिनेट ।

(१४:२७ बजे) **माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल)**ः- सम्माननीय अध्यक्ष महोदय, हामी पटक पटक यो संसदमा भन्दै पनि आएको थियो र धेरैपटक हामीलाई आश्वासन पनि पाइसक्यो । यो मुलुकमा कानुन नै भएन भने यो मुलुक कसरी चलाउने र कसरी चल्ने हो? यो बेथितिको अन्तकै लागि माननीय पार्वती रावलले ल्याउनुभएका सङ्कल्प प्रस्तावप्रति हामी पूर्ण समर्थन जनाउँदै अब पनि यो मुलुक कानुनविहीन नरहोस् र यथाशीघ्र यो मुलुकमा कानुन ल्याउने काम होस् भनेर भन्दै म आफ्नो दुई शब्द समर्थनसहित आफ्नो दुई शब्द यहीं अन्त्य गर्छु ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य तुलप्रसाद विश्वकर्मा । समय ३ मिनेट ।

(१४:२८ बजे) **माननीय श्री तुलप्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्य दिलकुमारी रावलज्यूले राख्नुभएको सङ्कल्प प्रस्तावको समर्थन गर्दछु । र नेपालको संविधानमा धारा ४७ मा उल्लेख भएअनुसार, त्यो गरिएको प्रतिबद्धताअनुसार तीन वर्षभित्र मौलिक हकलगायतका आवश्यकीय कानुनहरू बनाएर लागु गर्ने जुन प्रावधान रहेको छ, त्योअनुसार कानुनहरू बन्न नसकेको हुनाले धेरै समुदायहरू महिला, दलित, जनजाति, सीमान्तकृत, मुस्लिम, यी सबै समुदायको हक अधिकारहरू कुण्ठित भएको सन्दर्भमा २०८१ असोज ३ गतेभित्र ती कानुन बनाइयोस् भनेर जुन सङ्कल्प प्रस्ताव आएको छ, त्यसको पूर्ण समर्थन गर्छु । र ती चाहिँ नि कानुन तुरुन्त बनेर बन्नुपर्छ र लागु हुनुपर्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य डाक्टर विमला राई पौडयाल । समय ३ मिनेट ।

(१४:२९ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, माननीय दिल कुमारी रावल पार्वतीले प्रस्ताव गर्नुभा'को यो सङ्कल्प प्रस्तावको समर्थनमा म यहाँ उभिएको छु । धेरै अगाडिदेखि नै भनिराखेको हो संविधानको संविधानले दिएको मौलिक हकको प्रत्याभूति भएन भने संविधानप्रति जनताको विश्वास रहँदैन । संविधानप्रति जनताको विश्वास रहँदैन भने यो व्यवस्था टिकाउँछौं, टिकाउँछौं भनेर टिक्दैन । संविधान भनेको कागजको खोस्टो होइन । त्यति बेलासम्म त्यो कार्यान्वयन नहुन्जेलसम्म त्यो संविधानलाई अब केही वर्ष त नागरिकले सम्मान गर्छन् । तर त्यसपछि त्यसले कुनै परिवर्तन ल्याउँदैन भनेदेखि त्यो संविधानमाथि प्रश्न उठ्न सक्छ । र त्यो प्रश्न सँगसँगै अरू सबै कुरामा प्रश्न उठ्छ । त्यो भएर पनि संविधानको कार्यान्वयन नितान्त जरुरी छ किनभने यो संविधान कार्यान्वयनकै लागि ल्याएको हो । अहिलेसम्म मौलिक हकसँगै सम्बन्धित कानुनहरू पनि बनाउन नसक्नु भनेको चाहिँ हाम्रो सरकारको प्राथमिकता संविधान बनेपछिका सरकारको प्राथमिकता कतातिर हो भनेर प्रश्न गर्नुपर्ने ठाउँ प्रशस्तै छ । बारम्बार हामीले प्रश्न उठाएका छौं । सांसदहरू हामी fulltime तलब खाएर बसेका मान्छे हौं । रातभरि काम गर्नुपर्छ भने पनि गर्छौं । तर मस्यौदा त आउनुपऱ्यो । विधेयक त आउनुपऱ्यो । अनि सरकारले विधेयक नल्याईकन हामीले काम गर्न नपाउने अनि बाहिर जाँदाखेरि चाहिँ सांसदहरूले कानुन बनाएनन् । त्यो भएर संघीयता पनि चलेन सांसदहरूले

कानुन बनाएनन् । त्यो भएर यो भएन त्यो भएन । सबै कुरा सुन्न पर्ने त्यही भएर हामीले बारम्बार यहाँ प्रश्न उठाएका छौं । सरकारलाई अनुरोध पनि गरेका छौं, मान पनि गरेका छौं, सुझाव पनि दिएका छौं । कानुन बनाएर, मस्यौदा बनाएर लिएर आउनुस् । र आज पनि त्यही विषयमा यहाँ सङ्कल्प प्रस्ताव आइराखेको छ ।

हाम्रो विधायन व्यवस्थापन समितिले गरेको अध्ययनअनुसार १८१ ओटा कानुन बन्नुपर्छ । हाम्रो संविधानलाई पूर्ण रूपमा कार्यान्वयन गर्नको लागि त्यसमा संघले मात्रै ४० ओटा बनाउन बाँकी छ । अनि एउटा महिला हकसम्बन्धी एउटा संविधानको धारा ३८ को (घ) को यो महिलासम्बन्धी हकको कानुनमा त्यसलाई मात्रै कार्यान्वयन गर्नको लागि ४० ओटा कानुन संशोधन गर्नुपर्ने छ । ४०/४१ ओटा चाहिँ कानुन संशोधन गर्नुपर्छ । यति धेरै काम छ । अब यहाँ मैले कानुन मन्त्रीलाई देखिरा' छु । मेरो अनुरोध के छ भनेदेखि सरकारको वार्षिक नीति कार्यक्रममै सबै कुराहरू हालेर यो वर्ष कुन कुन कानुन, कुन कुन मन्त्रालयले बनाउँदै छ । त्यो सबै क्यालेन्डर हालेर लेर आउनुभयो भने संसदलाई पनि क्यालेन्डर बनाउन सजिलो हुन्छ र हामी पनि काम गर्छौं भनेर मैले अनुरोध गर्छु । यसको म पूर्ण समर्थन गर्छु । यो सङ्कल्प प्रस्ताव पारित होस् । धन्यवाद ।

(१४:३५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्ने सम्बन्धी सङ्कल्प प्रस्तावमाथि समर्थक माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू अब सङ्कल्प, उक्त सङ्कल्प प्रस्तावमाथिको छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीलाई ३ मिनेटभित्र उपलब्ध गराइदिन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूको लागि ३ मिनेटको समय निर्धारण गरेको छु।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य माया प्रसाद शर्मा। समय ३ मिनेट ।

(१४:३६ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, यो प्रस्ताव बढी महत्वको छ र ऐतिहासिक महत्व राख्छ। संविधान बनेको धेरै वर्ष भइसक्यो। संविधान उही होइन नयाँ संविधान हो नयाँ घर हो। हामीले कानुन बनाउने कुरा झ्याल ढोका नै हुन्। त्यो झ्याल ढोकामा घर भएन भने घरभित्र पस्न र बाहिर

निस्कन सकिँदैन र त्यसले उकुसमुकुस बनाउँछ। त्यसकारण नयाँ संविधान अनुसार मौलिक हक पनि स्वाभाविक ढङ्गले नयाँ हुन्। पुरानो संविधानले मौलिक हक दिएन। कानुनले नयाँ कुरा दिएन भनेर ठुलो आन्दोलनबाट नयाँ संविधान बनेको स्थितिमा नयाँ संविधान अनुसार कानुन नबन्दाखेरि जनताले पाउने अधिकार मौलिक हकहरू कुण्ठित हुन्छन्, पाउन सक्दैनन् र विद्रोह बाहिरतिर देखा पर्न सक्छ र संविधान कमजोर हुन्छ। व्यवस्था कमजोर हुन्छ, सरकार कमजोर हुन्छ। यसकारण सरकारलाई बलियो बनाउनका निमित्त यो जो प्रस्ताव ल्याएको छ यसप्रति म समर्थन गर्न चाहन्छु। र यसलाई जुन हामीले आज बढी ताकेता गर्ने हाम्रो कानुन मन्त्रीज्यू हुनुहुन्छ यहाँ अवश्य पनि उहाँको ऊर्जा हेर्दाखेरि एकदम तीव्रतामा लिने जस्तै अनुहार देखिन्छ। यो कानुन बनाउनेमा पनि उहाँको त्यो अनुहारलाई व्यवहारमा कार्यान्वयन हुनेछ भन्ने मैले बुझेको छु । धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य तुलसा कुमारी दाहाल। समय ३ मिनेट ।

**(१४:३७ बजे)** **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय संविधानको मौलिक हक कार्यान्वयनको लागि कानुन निर्माण सम्बन्धमा माननीय दिलकुमारी रावल पार्वतीले प्रस्तुत गर्नुभएको सङ्कल्प प्रस्तावको म स्वागत र समर्थन गर्न चाहन्छु। संविधान बनेको आठ वर्ष भइसक्यो, संविधानको मर्म र भावनाअनुसार कानुन बन्न सकेन। संविधानको धारा ४७ मा संविधान जारी भएको तीन वर्षभित्र बनाउनुपर्ने मौलिक हकको बाध्यात्मक व्यवस्था गरेपनि १८१ वटा कानुन बन्नुपर्नेमा ७० वटा कानुन बन्न अझ बाँकी छ। १११ वटा कानुन बनिसकेका छन्। यसतर्फ नेपाल सरकार र तालुकदार मन्त्रालयको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। प्रतिबद्धता गर्ने काम नगर्ने नियति र व्यवहारले चुनौती थपेको छ। हामी पनि लज्जित भएका छौं। बाहिर के जवाफ दिने? गाह्रो भएको छ। सङ्कल्प प्रस्तावको मार्ग संघीय संसदमा बन्न बाँकी ४०, प्रदेशमा २४ र स्थानीय तहमा ६ वटा बन्न बाँकी कानुनहरू चाँडोभन्दा चाँडो बनाउनको निम्ति आग्रह पनि गर्दछु। १४ औं अधिवेशनमा पनि केही प्रतिबद्धता सरकारले गर्यो तर पूरा गरेन यो अधिवेशन त विधेयक अधिवेशन हो। यसमा पनि प्रयास गर्न सक्छ र सङ्कल्प प्रस्तावका कुराहरू ल्याउन सक्छ। सरकार र सम्बन्धित सरोकारवाला मन्त्रालयले किन आलटाल गरिरहेका छन्? समयमा बन्नुपर्ने ऐन नबन्दा बेथिति सिर्जना भएको छ। अर्कोतर्फ बनेको ऐनहरू कार्यान्वयनको अवस्था कमजोर भएको छ। देशको समृद्धि, सुशासनको लागि संविधानले निक्यौंल गरेका ऐन बन्न आवश्यक छ। अब आलटाल गर्ने बानी व्यवहार छोडौ र काममा इमान्दारितापूर्वक जुटौं भन्न चाहन्छु। माननीय मन्त्रीज्यूहरू, सरोकारवाला निकायको ध्यानाकर्षण पनि म गराउन चाहन्छु। विधायन समितिले अध्ययन गरी संविधानको मौलिक हक अन्तर्गत बन्नुपर्ने कानुनहरू बाँकी रहेको छ र यो सङ्कल्प प्रस्ताव मार्फत चाहिँ प्रस्ताव दर्ज गरिएको छ। त्यसैले म

सम्पूर्ण हस्ताक्षरकर्ता माननीयज्यूहरूलाई पनि धन्यवाद भन्न चाहन्छु। नेपालको संविधान मौलिक हक अन्तर्गत धारा अन्तर्गत ३१ वटा अधिकारको प्रत्याभूति गरेको छ र महिलाहरूको अधिकारको दृष्टिकोणले संविधान धारा ३८ ले व्यवस्था गरेको छ। जसमा प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना वंशीय हक हुनेछ भनेको छ। प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन हक सम्बन्धी व्यवस्था कुरा गरेको छ। महिला विरुद्ध धार्मिक, सामाजिक सांस्कृतिक परम्परा प्रचलनका आधारमा शारीरिक, मानसिक, यौनजन्य र मनोवैज्ञानिक र अन्य किसिमको हिंसाजन्य कार्य, शोषण गरिने छैन भनिएको छ। राज्यका सबै निकायमा महिला र समानुपातिक समावेशीको आधारमा सहभागी हुने हकको दिलाइनेछ भनिएको छ। संविधान महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको आधारमा विशेष अवसर प्रदान गर्ने हक प्रदान गरिनेछ भनिएको छ। सम्पत्तिमा पारिवारिक सम्पत्ति तथा पारिवारिक मामलामा दम्पतिको समान हक हुने भनिएको छ तर कानुन बनेको छैन। बन्न बाँकी कानुनहरू २०८१ असोज ३ गतेभित्र बनाउन सरकारले पहलकदमी लियोस् र यसमा कदम चालोस् भन्न चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे । समय ३ मिनेट ।

(१४:४० बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू हामी मौलिक हकको कुरा गरिरहँदा संविधान कार्यान्वयन गर्नको निम्ति बन्नुपर्ने कानुनहरू नबनेका कारणले गर्दा अप्ठ्यारो भयो भनेर चारैतिर चाहिँ प्रेसर, दबाबहरू हामीले खेपिरहेकै छौं र त्यसो भएको हुनाले विशेष गरी हामीले नागरिकताको कुरा, वंशको आधारमा हुने कुरा र अंशको कुरा हामीले हिजो गरिरहेका थियौं। स्वास्थ्य, शिक्षाको कुरा गर्दा, शिक्षामा पनि अन्योलता छ । हामीले कक्षा १२ सम्म निःशुल्क भन्यौ, शिक्षा आज पनि फिस लिइरहेको अवस्था छ । शिक्षकहरू संघको हुने, स्थानीयको हुने कि प्रदेशको हुने अझै अन्योल छ । हामीले स्वास्थ्य क्षेत्र हेर्दा अन्योल छ । प्रहरी क्षेत्रमा पनि सबै ठाउँमा मान्छे पुगेन भनेको हामीले सुन्छौं । यहाँ थुप्रै मान्छेहरू बढुवा भएर काम नपाएर बसिरा छौं भनेको पनि हामीले सुन्छौं। हामीसँग मेनपावर हुँदाहुँदै पनि किन हामीले व्यवस्थापन गर्न सकेनौं भन्दा हामीले कानुनलाई समयमा निर्माण गर्न सकेनौं । त्यसैले गर्दाखेरिमा हामीसँग भएको स्रोत र साधनलाई परिचालन गर्न पनि अप्ठ्यारो भएको छ । त्यसैले गर्दा हामीले धेरै धेरै कुराहरू अहिले हामीले सहनु परेको छ । साइबरको कुरा त्यत्तिकै छ । मान्छेहरूलाई साइबरमार्फत हिजो अस्ति एउटा फेसबुकबाट रोशन केसी भन्ने मान्छेले चाहिँ मेरो आइडी चलाएको देखिन्छ। म सांसद यस्तै अरु कतिको होला । ल यस्तो खालको जे मन लाग्यो त्यही बेथिति त कानुनकै अभावमा गरेका होलान् नि । त्यसैले गर्दा संविधानको रक्षा गर्न हामीलाई कानुन चाहिएको छ

त्यो कानुन यदि समयमा बनेन भने हामी जोसुकै पनि सिकार हुनसक्छौं । त्यसैले गर्दा छिटोभन्दा छिटो मौलिक हकका कुरादेखि लिएर बन्नुपर्ने बाँकी कानुन समयमा बन्नको निम्ति जुन सङ्कल्प प्रस्ताव आएको छ यसमा हाम्रो सबैको साझा बुझाइ छ। यही अनुसारका अगाडि बढाउन सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य मदन कुमारी शाह गरिमा । समय ३ मिनेट ।

(१४:४३ बजे) **माननीय श्री मदन कुमारी शाह गरिमा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)ः**- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म मौलिक हक कार्यान्वयनको लागि कानुन निर्माण गर्नुपर्ने सम्बन्धमा माननीय दिल कुमारी थापा रावल पार्वतीजीले प्रस्तुत गर्नुभएको सङ्कल्प प्रस्तावको समर्थन गर्दछु। सम्माननीय अध्यक्षज्यू, संविधानको धारा ४७ अनुसार मौलिक हकको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्नेछ भनिएको छ तर संविधान कार्यान्वयनको आठ वर्षमा आइपुग्दा अझै संघ प्रदेश र स्थानीय तहबाट बन्नुपर्ने १८१ वटा कानुन बनाउन बाँकी रहेको छ। यो राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन गरेर दिएको प्रतिवेदन हो। १५१ वटा कानुन संघबाट कार्यान्वयन गर्नुपर्नेछ, जसमध्ये ४० वटा कानुनहरू त जारी हुनु नै बाँकी छन् । उक्त प्रतिवेदन अनुसार अझै पनि संविधान प्रदत मौलिक हक कार्यान्वयन सम्बन्धित दर्जनभन्दा बढी धाराहरू कार्यान्वयनका लागि कानुन बन्न बाँकी रहेको छ । सम्माननीय अध्यक्षज्यू, नागरिकको मौलिक हक उपभोगको सुनिश्चितता प्रदान गर्नु राज्यको दायित्व हो भने उपभोग गर्न पाउनु नागरिकको अधिकार हो । तर कानुनको अभावमा नागरिकहरूले मौलिक हक उपभोग गर्न पाएका छैनन् जसकारण नागरिक तहमा व्यवस्थाप्रति असन्तुष्टि बढ्ने सम्भावना छ । तसर्थ गणतन्त्र, संघीयता र संविधानकै पनि संरक्षण सम्बर्द्धन र सबलीकरण गर्न र व्यवस्थालाई बलियो गरी संस्थागत गर्न आवश्यक कानुन विशेष मौलिक हक उपभोग गर्ने कानुन यही अधिवेशनभित्रै निर्माण गर्ने तर्फ सम्बन्धित पक्षको ध्यानाकर्षण गराउन चाहन्छु। तसर्थ गणतन्त्र संघीयता र संविधानकै पनि संरक्षण सम्बर्धन र सबलीकरण गर्न र व्यवस्थालाई बलियो गरी संस्थागत गर्न आवश्यक कानुन विशेष मौलिक हक उपभोग गर्ने कानुन यही अधिवेशनभित्रै निर्माण गर्ने तर्फ सम्बन्धित पक्षको ध्यानाकर्षण गराउन चाहन्छु। सम्माननीय अध्यक्षज्यू हाम्रो राष्ट्रिय सभामा माननीय डाक्टर खिमलाल देवकोटाको संयोजकत्वमा बनेको संघीयता कार्यान्वयन तथा अनुगमन संसदीय समितिले ९९ वटा बुँदामा सरकारलाई सिफारिस र

सुझाव दिएको छ । ती सिफारिस र सुझावहरू कार्यान्वयन गर्दा गणतन्त्र संघीयता सुदृढ हुनेछ र संविधानको पूर्ण कार्यान्वयन हुनेछ संविधानको पूर्ण कार्यान्वयन भए नागरिकले मौलिक हकले प्रदान गरेका अधिकारहरू उपभोग गर्न पाउनेछन् यसतर्फ पनि सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य गोमादेवी तिमिल्सिना। समय ३ मिनेट ।

(१४:४५ बजे) **माननीय श्री गोमादेवी तिमिल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकिकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिले म यहाँ केही कुरा राख्न उभिएको छु । जुन आज यो सङ्कल्प प्रस्ताव पेस गर्नुभयो माननीय पार्वती रावलले, यो सङ्कल्प प्रस्तावको पूर्ण समर्थन गर्दछु र यो बाँकी रहेको कानुनहरू पनि यथाशीघ्र छिटोभन्दा छिटो तोकिएको समयमा पूर्ण होस् भन्ने कुरा पनि म अध्यक्षज्यू मार्फत सरकारलाई अनुरोध गर्न चाहन्छु । हामीले यति मेहनत गरेर, सबै माननीयज्यूहरूले लागेर यति मेहनतका साथ यो सङ्कल्प प्रस्ताव यहाँ आएको छ । यो सङ्कल्प प्रस्ताव पनि यतिकै जाने हो भने माननीय ज्यूहरूले कुनै एउटा मेहनत गर्ने त्यो जाँगरै मरेर आउँछ । त्यसो भएको हुनाले अब यो संविधानमा तोकिएका कुराहरू, नियम कानुन भित्र रहेर गर्ने कुराहरू हामीले गरेनौं भने अराजकताको सीमा नाघ्छ। अब अराजकता त यसै पनि सडकमा छ । संविधानले भनेको छ राष्ट्रको विरुद्धमा, राष्ट्रलाई हानीनोक्सानी हुने कुराहरू अराजक तरिकाले बोल्न पाईँदैन । जथाभावी मनलाग्दी एउटा अभिव्यक्ति दिँदाखेरि पनि गलत अभिव्यक्तिहरू पनि दिन पाँइदैन भनेको छ । तर सडकमा जे मन लाग्छ त्यही जतिबेला जे मन लाग्छ त्यही बोल्ने अवस्था छ । यो सबै अवस्थालाई कार्यान्वयन, नियन्त्रण गर्नको लागि पनि हामीलाई नियम कानुन सबै बलियो चाहिन्छन् त्यसपछि मात्रै हामीले त्यो कानुनको दायरामा रहेर सबैलाई अङ्कुश लगाउन सक्छौं । त्यसो भएको हुँदा यो सङ्कल्पलाई तुरुन्तै धेरैभन्दा धेरै छिटो लागू होस्, निर्णय होस् भन्ने कुराहरू राख्दै बिदा हुन्छु । धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य राधे श्याम पासवान । समय ३ मिनेट ।

(१४:४८ बजे) **माननीय श्री राधे श्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, माननीय दिल कुमारी रावल थापा "पार्वती"ले मौलिक हक

कार्यान्वयनको लागि बन्न बाँकी कानुनहरू २०८१ असोज ३ गतेसम्म निर्माण गरिसकिने छ भन्ने सङ्कल्प प्रस्तावलाई म समर्थन गर्दछु । र समर्थन गर्ने माननीयज्यूहरू देवेन्द्र दाहाल माननीयज्यूलगायत, अनिता देवकोटा, गोपी सार्की अछामी, जयन्ती राई, मोहम्मद खालिद, शेखर कुमार सिंह, तुल प्रसाद विश्वकर्मा, विमला राई पौड्याललगायत खिमलाल देवकोटा माननीयज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । हुन त हामीहरू समर्थनमा sign गर्थ्यौं तर प्रस्तावक माननीयज्यूले त्यति बेला सल्लाह गर्नुभएन नगर पनि हामीले समर्थन गरेका छौं । र योभन्दा पहिला पनि अध्यक्ष महोदय ३ ओटा सङ्कल्प प्रस्तावहरू पेस भइसकेका छन् । दलित हकको सम्बन्धमा, महिला हकको सम्बन्धमा र अपाङ्गता हकको सम्बन्धमा सङ्कल्प प्रस्तावहरू पेस भ'को थियो । तर अहिलेसम्म पनि कार्यान्वयनमा आ'को छैन । यो छिटोभन्दा छिटो कार्यान्वयन होस् भन्ने हाम्रो चाहना हो ।

अध्यक्ष महोदय, संविधान घोषणा भएको ८ वर्ष बितिसक्दा पनि मौलिक हकहरू कानुन निर्माण हुन सकेको छैन । राष्ट्रिय सभाले विधायन व्यवस्थापन समितिले मिति २०७९ माघ १३ गते एउटा उपसमिति बना'को थियो । त्यो उपसमितिका संयोजकमा हाम्रा माननीय अनिता देवकोटाजी हुनुहुन्थ्यो । सदस्यहरूमा उदय बहादुर बोहरा, भगवती न्यौपाने, भैरव सुन्दर श्रेष्ठ र स्वयम् म राधे श्याम पासवान, सुरेश आलेमगरलगायतका हाम्रा उपसमिति, समितिहरू बनेको थियो । त्यो समितिले तपाईंको हामीले अध्ययन, संविधानको अध्ययन गरेर कानुनहरूमा बाँकी १८१ ओटा कानुनहरू बनाउनुपर्ने थियो । जसमा अतिआवश्यक संघले बनाउनुपर्ने ४० ओटा, प्रदेशले बनाउनुपर्ने २४ ओटा र स्थानीय तहले बनाउनुपर्ने ६ ओटा कानुनहरू बन्न बाँकी छन् । यो छिटोभन्दा छिटो कानुनहरू बनोस् भनी अध्यक्षमार्फत सरकारसँग आग्रह गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य प्रकाश पन्थ । समय ३ मिनेट ।

(१४:५० बजे) **माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, पहिलेकोले भएन अहिलेको चाहिएको थियो संविधान, पहिलेको सरकारहरूले बनाएन अब अहिलेकोले बनाउनुपर्‍यो । बाँकी कानुनहरू संविधान, मौलिक हक कार्यान्वयनका लागि बन्न बाँकी कानुन निर्माणका सम्बन्धमा प्रस्तुत सङ्कल्प प्रस्तावको समर्थन र स्वागत गर्न चाहन्छु । संविधान निर्माण र लेखनमा जागेको शक्ति संविधान र मौलिक हक कार्यान्वयनसम्बन्धी विधेयकहरू ल्याउने बेलामा संविधान सिरानीमा हालेर निदाएको थियो । संविधान कार्यान्वयन

संघीयता कार्यान्वयन गर्ने प्रदेश र स्थानीय तहलाई चाहिने कानुनहरू बनाउने बेलामा पनि सरकारहरू मस्त निद्रामै थिए । अहिले फेरि पनि हामी संविधान र संघीयता कार्यान्वयनमा अहिलेसम्म पनि यसको अलमलको स्थिति छ र २०७५ सालमै बन्नुपर्ने कानुनहरूलाई फेरि बनाऊ भनेर अहिले हामी ०८० सालमा आएर फेरि यही विषयमा छलफल र बहसहरू गर्नुपरिरहेको चाहिँ अवस्था छ । र हतार हतारमा ०७५ सालभित्रै पनि केही विधेयकहरू आए मौलिक हक कार्यान्वयनसँग सम्बन्धित, तर तिनीहरू जस्तो आए त्यस्तै पास भए । एउटा ढोकाबाट आए अर्को ढोकाबाट गए त्यसमा कुनै छलफलहरू हुन सकेनन् । के नागरिकको अधिकारमाथि यस्तै खेलवाड हुने गर्छ लोकतन्त्रमा भन्ने कुरा पनि प्रश्न उठेको छ । र यसको जवाफदेहिता यसको जिम्मेवारी कसले लिने भन्ने पनि प्रश्न उठेको छ । संविधानमा भएको अधिकारहरू ऐनमार्फत काटिएको छ । हामी संविधान देखेर खुसी हुन्छौं तर ऐनहरू देखेर हामी दिक्दार हुने स्थितिहरू छ । यसै गरी ऐनमा भ'को अधिकारहरू नियमावलीमा आइपुग्यो झन् झन् काटिएर आ'को अवस्था छ । र जनताको हातमा चाहिँ zero हुने अवस्था छ । अधिकार जति संविधानको पातोमा zero जति सबै जनताको हातमा देखेका छौं हामीले । र कतिपय मौलिक हकका ऐनहरू आए तर नियमावली समयमा नआउँदा त्यहाँ पनि अवस्था उस्तै उस्तै छ ।

अब यो व्यवस्था परिवर्तनसँग अवस्था परिवर्तन गर्ने हो भने संविधान निर्माणका लागि जुटेका शक्तिहरू एकै ठाउँमा हुन आवश्यक छ । मौलिक हक कार्यान्वयन गर्ने कुरा संघीयता कार्यान्वयन गर्ने कुरा संविधान कार्यान्वयन गर्ने कुरामा सबै राजनीतिक शक्तिहरू फेरि एकै ठाउँमा उभिन जोडबल गर्न यसमा आवश्यक छ । र बाँकी कानुनहरू समयमै बनाउन पनि आवश्यक छ । अब यो हतारमा पारित भएका २०७५ सालमै पनि हतारमा पारित भएका कतिपय विधेयकहरूलाई फेरि त्यसको समीक्षा हुन बाँकी छ । त्यसलाई परिमार्जन गर्न आवश्यक छ । त्यसलाई पनि संशोधन गर्न आवश्यक छ । त्यसतर्फ पनि सरकारले ध्यान दिन आवश्यक छ । र अब यो पाताको अधिकार हातमा नआएसम्म जनताको विश्वास र भरोसा कायम हुन सक्दैन । संविधान निर्माण हुँदाखेरि हामीमा जुन शक्ति जुन उत्साह जुन हर्ष, जुन खुसी थियो । त्यो हामी नियमावली ऐनहरू आइपुग्दाखेरि त्यो खुसीहरू क्रमशः कम भइरहेको छ । यसतर्फ समयमै सबैको ध्यान जान आवश्यक छ । सरकारले समयमै यी ऐनहरू ल्याओस् । समयमै जनतालाई फेरि खुसी र भरोसाहरू दिन सकोस् । यसको पनि अपेक्षा र कामना गर्दै आफ्नो भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सुरेश कुमार आलेमगर । समय ३ मिनेट ।

(१४:५३ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम माननीय दिल कुमारी रावल थापा पार्वतीजी प्रस्तावक र विभिन्न ९ जना माननीयज्यूहरू समर्थक रहेको जुन सङ्कल्प प्रस्ताव छ । कानुनको अभावमा संविधान प्रदत्त नागरिकको मौलिक हक अधिकार कार्यान्वयन गर्न समस्या भएकोले भन्ने कारण दर्साउँदै पेस गरिएको मौलिक हक कार्यान्वयनको लागि कानुन निर्माणसम्बन्धी सङ्कल्प प्रस्ताव, यो प्रस्तावलाई पुनः समर्थन गर्न चाहन्छु । र यो प्रस्तावको आवश्यकता, महत्त्व, औचित्यै सुस्पष्ट छ । यस्तो महत्त्वपूर्ण र आवश्यक सङ्कल्प प्रस्ताव ल्याउनुभएकोमा प्रस्तावक र समर्थन माननीयज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । हामीले केही समय अगाडि प्रस्तुत गरेको अध्ययन प्रतिवेदनमा आधारित भएर नै यो प्रस्ताव आएको छ ।

सम्माननीय अध्यक्ष महोदय, कुनै पनि सिद्धान्त, नीति, संविधान वा ऐन, कानुन जतिसुकै राम्रो भए पनि त्यसको कार्यान्वयन हुन सकेन भने त्यसको कुनै औचित्य रहँदैन । त्यसको कुनै मूल्य मान्यता रहँदैन । त्यसैले हाम्रो संविधानमा जुन एउटा मौलिक हक छ । त्यो राम्रो छ । र त्यो कार्यान्वयन गर्नका लागि पनि कानुनहरू बनेका छैनन् । कानुनहरूको निर्माण गर्नुपर्ने आवश्यकता छ । त्यस आवश्यकतालाई दर्साउँदै यो जुन सङ्कल्प प्रस्ताव पेस गरिएको छ । यो सङ्कल्प प्रस्तावलाई कार्यान्वयन गर्नका लागि सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

र अलिकति म पछाडि केही कुरामा जान चाहन्छु भने केही समय अगाडि हामीले दलितसम्बन्धी एउटा सङ्कल्प प्रस्ताव पारित गरेका थियौं । त्यो पनि महत्त्वपूर्ण र आवश्यक प्रस्ताव थियो । तर त्यसको कार्यान्वयन सम्बन्धमा धेरै प्रगति भएको जस्तो लाग्दैन । त्यसैले यो महत्त्वपूर्ण सङ्कल्प प्रस्तावको सम्बन्धमा पनि त्यसरी नै चाहिँ यो सरकारले त्यस्तो अपेक्षा नगरोस् भनेर भन्न चाहन्छु । र यस्ता सङ्कल्प प्रस्तावहरूको महत्त्व आवश्यकता, औचित्य बुझेर तदारुकताका साथ कदमहरू चाल्नका लागि सम्माननीय अध्यक्ष महोदयमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । र कस्तो विडम्बना छ भन्दाखेरि मौलिक हक कार्यान्वयन गर्नका लागि पनि कानुन निर्माण गर्नुपर्ने र त्यस्तो कानुन कार्यान्वयन गर्नको लागि फेरि सङ्कल्प प्रस्ताव ल्याउनुपर्ने, त्यसैले यस्तो स्थिति नरहोस् भन्ने कुरा राख्दै फेरि पनि यस्तो महत्त्वपूर्ण प्रस्ताव ल्याउनुभएकोमा प्रस्तावक सम्पूर्ण माननीयज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । र यो प्रस्तावको पूर्ण समर्थन गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य भुवन बहादुर सुनार। समय ३ मिनेट।

(१४:५५ बजे) **माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, मन्त्रीज्यूहरू जुन सङ्कल्प प्रस्ताव प्रस्तुत भ'को छ। यो अत्यन्तै महत्त्वपूर्ण छ। यो घडीमा पनि हामीले यसलाई चाहिँ कार्यान्वयनको पाटोमा लिएनौं भने यो ठुलो भुल हुनेछ । त्यसले गर्दा यो सङ्कल्प प्रस्ताव जसरी उठेर आ'को छ । यसप्रति मेरो पूर्ण समर्थन छ । र अहिले संविधान बनेको पनि ७/८ वर्ष भइसक्यो । संविधानका महत्त्वपूर्ण बुँदाहरू कार्यान्वयन भइरहेको छैनन्। र अझ यो दलितको सवालमा त झन् एकीकृत कानुन पनि निर्माण नै हुन सकेको छैन। एकीकृत कानुन निर्माण हुन आवश्यक छ।संविधानको धारा ४० को उपधारा १ देखि ६ सम्मका चाहिँ अधिकारहरू कानुन बनाएर लागु गरिने छ भनिएको छ। अहिलेसम्म कानुन बनेको छैन। त्यस्तै यो संविधानको धारा २४ मा त्यसमा पनि जातीय विभेद र छुवाछुत कसुर र सजाय ऐन, २०६८ को दोस्रो संशोधन गर्न आवश्यक छ। त्यसमा पनि खास केही भ'को छैन। र पछिल्लो समय हामीले एउटा सङ्कल्प प्रस्ताव पारित गऱ्यौं। यही सदनले पारित गऱ्यो। र यसका पनि नीति र बजेट नआउँदा कार्यान्वयनमा खासै प्रगति हुन सकेको छैन। त्यसैले गर्दा चाँडोभन्दा चाँडो हामीले चाहिँ कानुन बनाउन आवश्यक छ । र हामी यति विधि चाहिँ कानुन बनाउनु पर्ने छ। र सरकारले यो चाहिँ चाँडैभन्दा चाँडै सदनमा चाहिँ विधेयक ल्याओस् भन्ने अनुरोध गर्दै मेरो भनाइ यहीँ अन्त्य गर्दछु । हस्, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य कमला पन्त। समय ३ मिनेट ।

(१४:५८ बजे) **माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)**:- माननीय अध्यक्ष महोदय, माननीय सदस्य दिलकुमारी रावल थापा "पार्वती"ले मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्ने सम्बन्धी ल्याउनुभएको सङ्कल्प प्रस्तावको पूर्ण रुपमा समर्थन गर्दै र म उहाँले तोकेको समयमा सङ्कल्प प्रस्तावका सम्बन्धमा संविधान जारी भएको नौ वर्षगाँठको सन्दर्भमा आगामी ८१ असोज ३ गतेसम्म उल्लेखित सम्पूर्ण कानुनहरू बनाइ बनाइसक्न संघीय संसदको चालु १५ औं अधिवेशन भित्रै संसद समक्ष विधेयकको मस्यौदा गरी पेस गर्न यो सङ्कल्प प्रस्ताव पेस गरेका छौं भनेकोमा म पूर्ण रूपमा समर्थन गर्न चाहन्छु । र अध्यक्षज्यू, म विधायन समितिलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यो सरकारले अध्ययन

गर्नुपर्थ्यो, सरकारले कति कानुनहरू बनाउन बाँकी छ अध्ययन गरेर संसदमा कानुन पेस गर्नुपर्थ्यो तैपनि विधायन समितिले आफूले अध्ययन गरेर यति कानुन १८१ वटा कानुन बनाउनु छ ४० वटा कानुन चाहिँ तत्काल बनाउनुपर्ने छ भन्ने सहितको जुन एउटा प्रतिवेदन पेस गरेको छ । यसका निम्ति आभार व्यक्त गर्न चाहन्छु र म के निवेदन गर्न चाहन्छु भने संविधान त बन्यो, संविधान बनेर अहिलेसम्म तीन वर्षभित्र बनिसक्नुपर्ने कानुनहरू आजसम्म बनेको छैन र अहिले हामी ८० मा पुगिसक्यौं र हामीले ८१ असोजसम्म राखेको समयमा चाहिँ अवश्य पनि हामी कानुन बनाइसक्ने छौं भन्ने प्रतिबद्धता संसद्ले त प्रतिबद्धता जाहेर गरेको छ र सरकारले हामी कानुन पेस गरिसक्छौं भन्ने प्रतिबद्धता जाहेर गर्नको निम्ति, यो कानुनको निम्ति अध्यक्ष महोदय म निवेदन के गर्न चाहन्छु भने अध्यक्ष महोदयले पनि सरकारलाई रुलिङ गर्नुपर्यो। समयमा बनाइसक्नुपर्ने कानुनहरू तत्काल बनाउनु पर्यो भनेर रूलिङ गर्नुपर्यो। अब ल्याए ल्याउँछ नल्याए ल्याउँदैन भनेर बसेर पनि होला जस्तो मलाई लागेन त्यसले गर्दा यो कानुन सबभन्दा महत्वपूर्ण कुरा हो। कानुन बनिसकेपछि नियमावलीहरू बन्नलाई वर्षौं लाग्छ। हामी विधिको शासनलाई सक्रियता साथ अगाडि बढाउनको लागि पछि परेका छौं भन्ने कुरा यसैले बताएको छ। यसलाई सक्रियताका साथ अगाडि लानको निम्ति अध्यक्षज्यूको पनि रुलिङको आवश्यकता पर्छ भन्ने म निवेदन गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य रामचन्द्र राई । समय ३ मिनेट ।

(१५:०१ बजे) **माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुनहरू बनाउनको लागि धारा ४७ ले संविधान बनेको ३ वर्षभित्र कानुन बनिसक्न पर्ने भनेर भन्यो । तर त्यो तीन वर्षभित्र नबनेको कारणले गर्दा सङ्कल्प प्रस्तावद्वारा कानुन बनाइदेउ र लौन सरकार भनेर भन्न पर्‍यो । यो लाज मर्दो स्थिति हो । अलिअगाडि दलितहरूको हक कार्यान्वयनको लागि भनेर सङ्कल्प प्रस्ताव आ' थियो । त्यो प्रधानमन्त्रीज्यूले नै यो कार्यान्वयन गर्नको लागि कानुन बन्छ हई भनेर भन्नुभा'को थियो । त्यसको पनि कुनै गति भा'को छैन । हामीलाई आशङ्का छ । यो सङ्कल्प प्रस्ताव पनि यसै गरी ढिलाढाला गरेर छोड्ने सरकारले तानावाना नबुनोस् । म यो प्रस्तावलाई यो सङ्कल्प प्रस्तावलाई पूर्ण रूपमा समर्थन गर्छु । सरकार अलमलमा नपरोस् । कि संघीय शासन प्रणालीलाई सबल सञ्चालन गर्न अप्ठ्यारो परिरहेको छ । केही अप्ठ्याराहरू छन् भनेर सातओटा लोकतान्त्रिक आयोगहरू बनायो । महिला आयोग, दलित आयोग, आदिवासी जनजाति आयोग,

थारू आयोग, मुस्लिम आयोग, मधेसी आयोग र समावेशी आयोग सातओटा आयोग बनायो । त्यो आयोगले कानुनका अभावमा आज पनि उनै दैनानुदिन काम गर्नेभन्दा अरू केही काम गर्न सकिरा'को छैन । हामीले के भन्यौं भने यो संघीय प्रणालीलाई मजबुत बनाउनको लागि त्यो समूह, त्यो वर्ग, त्यो समुदाय, त्यो लैङ्गिक समुदायहरूलाई पनि uplift माथि उठाउनलाई र राज्यको मूलधारमा समावेशीकरण गर्नको लागि आफ्नो आफ्नो ठाउँबाट समस्याहरू पहिचान गर्ने र राज्यलाई सहयोग गर्नको लागि जान पर्छ भनेर जानपर्छ भनेर बनायो तर त्यसलाई चल्नलाई चाहिँ कानुन नबनेको कारणले गर्दाखेरि अहिलेसम्म पनि ती आयोगहरू तदर्थजस्तो मात्रै भएको छ । मैले सरकारलाई अलमल नगरीकन तोकिएको समयभित्र त गर्न सकेन सङ्कल्प प्रस्तावले तोकेको समयभित्र चाहिँ कम्तीमा पनि यी आवश्यक कानुनहरू बनाओस् त्यो कानुनसँग जोडिएका अरू धेरै कानुनहरू हुन्छन् । त्यो कानुनलाई परिमार्जन गरेर साँच्चै जनताले सेवा पाउन सकुन् । जनताले त्यसबाट उन्मुक्ति पाउन सकुन् । जनताले त्यसबाट चाहिँ सहजता महसुस गर्न सकुन् । यस अर्थमा कानुन सङ्कल्प प्रस्तावले तोकेबमोजिम कानुन निर्माण गर्नको लागि म सरकारलाई आग्रह गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य भगवती न्यौपाने। समय ३ मिनेट ।

(१५:०३ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी एमाले)**:- सम्माननीय अध्यक्षज्यू संविधान प्रदत्त मौलिक हक कार्यान्वयनका निम्ति बनाउनुपर्ने आवश्यक कानुनहरूको सन्दर्भमा जुन सङ्कल्प प्रस्ताव प्रस्तुत गर्नुभयो माननीय दिलकुमारी थापा रावल पार्वतीले प्रस्तावक माननीयज्यूहरू र समर्थक माननीयज्यूहरूले यसको औचित्यको बारेमा पनि राम्रोसँग प्रष्ट पार्नुभएको छ। हामीले धेरै पटक बहस गर्यौं । संविधान बनेको पनि आज आठ वर्ष भइसक्यो। भाग ३ मा मौलिक हक सम्बन्धीको व्यवस्था छ । भाग ३ को धारा १६ देखि ४८ सम्म धारा ४७ मा जे भनिएको छ तीन वर्षभित्र बनाउनुपर्ने भनेर कानुन माननीयज्यूहरूले उल्लेख गरिसक्नुभएको छ तर आज आठ वर्ष हुँदा पनि किन कानुन बन्न सकिरहेको छैन भन्ने विषयमा वास्तवमा हामी गम्भीर बन्नुपर्दछ। सरकार गम्भीर बन्नुपर्दछ। यो बारेमा सदनमा धेरैपटक छलफल भएको छ। धेरैपटक बहस भएको छ । त्यसैले हामीले यो कुरा पनि बुझ्नु पर्दछ। यो मौलिक हकलाई कार्यान्वयन गर्नका निम्ति सबभन्दा धेरै कानुन कुन सरकारको पालामा बन्यो भन्ने विषयमा यो बारेमा जानकारी राख्नुपर्दछ । मलाई लाग्छ म भन्न चाहन्छु सबैभन्दा बढी केपी ओली नेतृत्वको सरकारको पालामा बनेको छ । त्यसैले यो कुरामा हामीले राम्रोसँग

जानकारी राख्नु पर्दछ भन्न चाहन्छु र हामीले विधायन व्यवस्थापन समितिमा जसरी छलफल गर्यौं र उपसमिति बनाएर संविधान अनुसार बन्न बाँकी भएका कानुनहरूको विषयमा माननीयज्यूहरूले अघि नै भनिसक्नुभएको छ। हामीले गहिरो गरी अध्ययन गर्यौं। जुन ४० वटा कानुन तत्काल बन्नुपर्ने भनेर हामीले निष्कर्ष निकाल्यौं। विधायन व्यवस्थापन समितिबाट हामीले त्यसलाई पारित गर्यौं । सभामा पनि पेस गर्यौं सभामा हामीले छलफल गर्यौं। छलफल गरेर प्रधानमन्त्रीकै उपस्थितिमा छलफल गर्यौं । प्रधानमन्त्रीज्यूले प्रतिबद्धता पनि जनाउनुभयो। त्यसैले म फेरि पनि जोड दिन चाहन्छु, आज प्रस्तावकज्यूले किन यसरी चाहिँ समयलाई समेत समयसीमा समेत तोकेर प्रस्तुत गर्नुभएको छ भने बाध्यकारी बनाउनका निम्ती सरकारलाई बाध्यकारी बनाउनका निम्ति कानुन बनाउनका निम्ति त्यसकारणले गर्दाखेरि समय सीमा तोकिएको हो सरकार कानुन बनाउने विषयमा उदासीन बन्न मिल्दैन, हुँदैन, पाइँदैन । त्यसकारणले गर्दाखेरि सरकारको यसमा ध्यान दिन जरुरी छ। माननीय कानुन मन्त्रीज्यूलाई म पनि अनुरोध गर्न चाहन्छु, क्यालेण्डर बनाएर एउटा अधिवेशनमा कतिवटा कानुन पास गर्ने हो र एक वर्षमा कतिवटा पास गर्ने हो । क्यालेण्डर बनाउनुपर्छ भन्ने कुरामा मेरो पनि जोड छ। धन्यवाद।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य कुमार दसौंदी । समय ३ मिनेट ।

**(१५:०६ बजे) <u>माननीय श्री कुमार दसौंदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो सरकारलाई कानुन बनाउनका लागि सङ्कल्प प्रस्ताव ल्याउन पर्ने यो चाहिँ त्यति राम्रो लक्षण चाहिँ होइन जस्तो लाग्छ म आफूलाई किनभने संविधानमा व्यवस्था भएको कुरा र संविधानमै तोकिएको कुरा ३ वर्ष भनेको ठाउँमा हामी ३ वर्षमा नसके पनि कम्तीमा ४/५ वर्षमा ल्याइसक्न पर्ने आज ८ वर्ष बितिसक्यो । त्यसकारण अहिले पनि सङ्कल्प प्रस्ताव ल्याएर यसरी गर सरकार भन्ने कुरा चाहिँ गर्न खोज्नु यो सारै बेठिक कुरा छ ।

**<u>पुनः पीठासीन</u>**:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**<u>माननीय श्री कुमार दसौंदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- त्यसका बाबजुद पनि मैले सङ्कल्प प्रस्ताव नै माननीयज्यूले जे ल्याउनुभएको छ । यसको समर्थन गर्दै यो समाज कछुवाको गतिमा कुदेको छ । क्यारे खरायोको गतिमा कुदेको छ । सरकार कछुवाको गतिलाई पनि पकड्न सक्दैन । यो अवस्थाले त्यही देखाउँछ । किनभने हिजो पूर्व प्रधानमन्त्री केपी शर्मा

ओलीको नेतृत्वमा बनेको सरकारले मौलिक हकसम्बन्धी १८ ओटा कानुन ल्याएर पारित गरेको छ । त्यस्तै गरेर संशोधनसहित भन्ने हो भने १९० भन्दा बढी कानुन त्यो ३ वर्षको अवधिमा पारित भ'का छन् संसदबाट, तर म संसदमा आइसकेपछि यो संसदले जम्मा जम्मा एउटा कानुन बनायो । त्यो एउटा कानुन बनाउँदाखेरि सारा सार्वजनिक गाडीमा हिँड्दाखेरि होस् बाटोमा हिँड्दाखेरि होस्, चिया गफमा होस् अथवा कहीँ चाहिँ मतलब सेमिनार सभा हलमा होस् । जहाँसुकै पत्रपत्रिकाले यी सांसद भनेका तलब खाने भत्ता खाने त्यसपछि सक्ने देशलाई केही गर्दैनन् भन्ने चाहिँ त्यो खालको भाष्य निर्माण गरेर गाली गर्ने बाहेक केही गर्न सक्दैनन् भनेसी सरकारले सरकारको काम संसदलाई बिजनेस दिने हो । संसदले कानुन बनाउने हो भनेसी गर्दाखेरि त्यति काम गर्न सकिँदो रहिछ भन्ने कुरा विगतको सरकारले गरेरै देखाइसक्या छ भने बाँकी रहेका अति आवश्यक कानुन ल्याएर हामीले चाहिँ जनताले उपभोग गर्न पाउने गरी चाहिँ बनाउन सकियो भने अनि न त्यो संविधानको कार्यान्वयनमा जान्छ र जनताले हामीलाई चाहिँ समर्थन र सहयोग गर्छ । आज हामी सुझाव दिइराख्या छौं सरकारले यसो गरोस् भनेर भोलि यो कुरा चाहिँ सरकारले स्वीकार नगर्दाखेरि भोलि जनताको विद्रोह हुँदा सरकारले कसरी थेग्न सक्छ? त्यसकारण यसलाई चाहिँ यो सङ्कल्प प्रस्तावमार्फत आ'को कुराहरूलाई अक्षरसः पालना क्यालेन्डरसहित यो अगाडि बढाओस् भन्ने माग गर्न चाहन्छु । हस् धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सुमित्रा बि.सी. ।

(१५:०९ बजे) **माननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज यो संविधानले संविधानको धारा ४७ ले दिएको मौलिक हक अन्तर्गत जुन सङ्कल्प प्रस्ताव माननीय दिलकुमारी रावल पार्वतीले प्रस्ताव पेस गर्नुभएको छ र नौ जना माननीयहरूले यसलाई समर्थन गर्नुभएको छ सर्वप्रथम म यो सङ्कल्प प्रस्तावको पूर्ण समर्थन गर्दछु । र यो जुन समय सीमा तोकिएको छ २०८१ असोजसम्म यो बनिसक्नुपर्ने भनेर अब जम्मा सात महिना हामीसँग बाँकी छ। यो कुरोलाई ध्यान दिँदै संविधान अन्तर्गत कानुनहरू बनेर अति आवश्यक कानुनहरू बनेर ४० वटा संघले बनाउनुपर्ने २४ वटा प्रदेशले बनाउने र ६ वटा स्थानीय तहले बनाउनुपर्ने कानुनहरू बनाएर नेपाली जनताहरूलाई संविधानले दिएका अधिकारहरू उपभोग गर्न सहज बनाउन यो सरकारलाई अनुरोध गर्न चाहन्छु।अध्यक्ष महोदय मार्फत अनुरोध गर्न चाहन्छु। हामीले यो भन्दा अगाडि दुईवटा सङ्कल्प प्रस्ताव यही राष्ट्रिय सभाबाट पारित गरेका थियौं सर्वसहमतिले। एउटा मलाई लाग्छ महिला हिंसा सम्बन्धीको सङ्कल्प

प्रस्ताव र एउटा दलित सम्बन्धीको। ती सङ्कल्प, यो पटकपटक यो आफै संविधान अन्तर्गत बन्नुपर्ने कानुनहरू नबनेर सङ्कल्प प्रस्ताव ल्याउनुपर्ने एउटा बाध्यता त्यही सङ्कल्प प्रस्ताव पनि त्यो बनेर कार्यान्वयन नहुने एउटा अर्को समस्या भएको कारणले यो जुन खालको जनताहरूको यो जनप्रतिनिधिहरू, माननीयहरूप्रतिको वितृष्णा छ, जुन खाली भत्ता पचाउने र संसदमा गएर चिया खाएर फर्किने भन्ने जुन आरोप छ यसलाई चाहिँ निमिट्यान्न पार्नको निम्ति यो अहिलेको सरकारले यो बन्नुपर्ने कानुनहरूको बारेमा यहाँ कानुन मन्त्री यहीँ हुनुहुन्छ। अलिकति क्यालेन्डर बनाएर कार्यान्वयन गर्नका निम्ति म अनुरोध गर्दै, यो सङ्कल्प प्रस्तावको पूर्ण समर्थन गर्दै, आफ्ना भनाइ टुङ्ग्याउँछु । हवस्, धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१५:१२ बजे) **माननीय भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:-सम्माननीय अध्यक्षज्यू, माननीय दिलकुमारी रावल थापा "पार्वती"ले प्रस्तुत गर्नुभएको यो संविधान प्रदत्त मौलिक हक कार्यान्वयनको लागि कानुन निर्माण सम्बन्धी जुन संकल्प प्रस्ताव पेस गर्नु भएको छ त्यसलाई माननीय देवेन्द्र दाहालज्यूलगायतका ९ जना माननीयज्यूहरूले समर्थन गर्नु भएको छ । म यो प्रस्तावको पूर्णरुपमा समर्थन गर्न चाहन्छु । संविधान बनेको ८ वर्ष ५ महिना ८ दिन भएको छ । संविधानका मौलिक हक सम्बन्धी धारा ४७ मा करीव ३१ ओटा कानुनहरू बनाउनुपर्ने भएको चाहिँ छ । त्यस मध्ये पूर्व वर्ती के. पी. ओली नेतृत्वको सरकारले करिव १८ ओटा कानुन बनाएको र हामी सबैले थाहा पाएको छौं जगजाहर नै छ । संविधान देशको मूल कानुन हो । त्यो संविधान आफै कार्यान्वयन हुँदैन । कार्यान्वयनका निम्ति ऐन चाहिन्छ, नियमावली चाहिन्छ । संविधान प्रदत्त अधिकारहरू प्राप्त गर्न नसके पछि जनहितमा व्यापक गुनासो, टिप्पणी उठिसकेपछि विधायन व्यवस्थापन समितिले संविधानबमोजिम बन्नुपर्ने कानुन कति छन् त भने सन्दर्भमा उपसमिति बनाएर त्यो उपसमितिले दिएको प्रतिवेदन समितिमा ब्यापक छलफल चाहि भयो । समितिले छलफल गरिसकेपछि त्यो समितिको सदस्यको हैसियदले त्यो प्रतिवेदन सभामा पेस भइसकेपछि सम्माननीय प्रधानमन्त्रीज्यूकै उपस्थितिमा व्यापक छलपल भएको थियो र उहाँले भन्नुभएको थियो, यो सरकारले गर्नुपर्ने काम विधायन व्यवस्थापन समितिले गर्‍यो र आज हाउसमा चाहिँ आएको छ । र तपाईंले निकै राम्रो काम गर्नु भयो, तपाईंलाई म धन्यवाद दिन चाहन्छु ।

यस अघिको चौधौं अधिवेशन मध्ये यी मौलिक हक सम्बन्धी सबै कामहरू करिव ४० ओटा कानुन संशोधन गरेका छौं । र प्रदेशसँग जोडिएका २४ कानुन छन्, स्थानीय तहमा जोडिएका ६ ओटा कानुन छन् र संघसँग जोडिएका कानुनहरू गत चौधौं अधिवेशनमा म पेस गर्ने प्रतिवद्धता व्यक्त गरेका थियो र खुसी पनि भएका थियौं हामीले धन्यवाद पनि दिएका थिए र धन्यवाद पाएका पनि थियौं । तर आज यति समय वितिसक्दा पनि ती मौलिक हक सम्बन्धी कानुन आउन सकेन र संकल्प प्रस्ताव मार्फत समय निर्धारण गरेर २०८१ साल असोज ३ गते ९ वर्षको अवधि पारगरेर अथवा ९ वर्ष भित्र पुगेको चाहि छ त्यस अवधि भित्र सम्बन्धीत कानुन, आउन भनेर संकल्प प्रस्ताव सदनमा ल्याउदा हामीलाई दुःख लागेको चाहिँ छ । सरकार काहा छ, आफैले प्रतिवद्धता व्यक्त गर्छ । र आज सबै माननीयज्यूहरूले संकल्प प्रस्ताव मार्फत ध्यानाकर्षण गर्नुपर्दखेरी हामिलाई दुःख लागिरहेको छ । फेरि पनि यो सदनमार्फत म भन्न चाहन्छु अहिलेको सरकार कानुन बनाउने सवालतर्फ गम्भीरतापूर्वक लागोस् । र सम्माननीय अध्यक्षज्यूमार्फत म माननीय मन्त्रीज्यूको पनि ध्यानाकर्षण गर्न चाहन्छु कि एउटा time table बनाएर यी प्रस्तावहरू, अथवा यी मौलिकहक सम्बन्धी कानुनहरू, यी कार्ययोजनाकासाथ हामी पेस गर्ने छौं भन्ने कुरा यो हाउसलाई सरकारको तर्फवाट सम्माननीय अध्यक्षज्यू मार्फत मन्त्रीज्यूले प्रस्ताव पेस गर्नुहुनेछ, यहि सदनमा हामी थाहा पाउने छौं कि सरकारले आफ्नो वार्षिक कार्यसूचीहरू बनाएको छ भन्ने कुरा सुन्ने छौं । .....(नसुनिएको) ।

(१५:१५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्ने सम्बन्धी सङ्कल्प प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई उक्त सङ्कल्प प्रस्तावमाथिको छलफलका क्रममा उठेका विषयहरूको सम्बन्धमा जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१५:१६ बजे) **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ**:- सम्माननीय अध्यक्ष महोदय, मौलिक हक कार्यान्वयनको लागि कानुन निर्माणसम्बन्धी सङ्कल्प प्रस्तावका प्रस्तावक माननीय दिलकुमारी रावल थापा "पार्वती"ज्यू प्रस्तावक तथा अन्य देवेन्द्र दाहाल, अनिता देवकोटा, गोपीबहादुर सार्की, जयन्ती देवी राई, मोहम्मद खालिद, शेखर कुमार सिंह, तुलप्रसाद विश्वकर्मा, विमला राई पौडयाल, खिमलाल देवकोटा माननीय सदस्यहरू समर्थक

रहेको यो सङ्कल्प प्रस्तावको सन्दर्भमा अहिले छलफलको क्रममा १५ जना माननीय सदस्यहरूले भाग लिएर महत्त्वपूर्ण विचार राखुभएको छ । माननीय सदस्यहरूलाई सम्माननीय अध्यक्ष महोदयमार्फत हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । प्रस्तुत सङ्कल्प प्रस्ताव राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले गरेको अध्ययनका आधारमा तयार गरिएको संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० मा औंल्याइएका मौलिक हक कार्यान्वयनको लागि निर्माण गर्नुपर्ने कानुनहरूको सम्बन्धमा रहेको छ । उक्त प्रतिवेदनबमोजिम बनाउनुपर्ने कानुन सम्बन्धमा यस सभामा संवत् २०८० भदौ १८ गते छलफल भएको र सो सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूले नै सरकारको तर्फबाट धारणा तथा विचार राखिसक्नुभएको स्मरण गर्न चाहन्छु । आजको यस छलफलमा म सङ्कल्प प्रस्तावमा माननीयज्यूले उठाउनुभएको मौलिक हक कार्यान्वयन गर्न निर्माण गर्नुपर्ने कानुनका सम्बन्धमा नेपाल सरकारबाट भइरहेको प्रगतिको सम्बन्धमा सङ्क्षिप्त विवरण अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, संविधान तथा संघीयता कार्यान्वयन हामी सबैको साझा कार्यभार हो । नेपालको संविधान तथा संघीयता कार्यान्वयनको कानुन निर्माण गर्ने विषय नेपाल सरकारको उच्च प्राथमिकतामा रहेको छ । नेपालको संविधान जारी भएसँगै नेपाल सरकारले संविधान कार्यान्वयन कार्ययोजना बनाई कानुन निर्माणको कार्यलाई प्राथमिकताका साथ अघि बढाउँदै आएको छ । संविधान कार्यान्वयन गर्न बनाउनुपर्ने कानुनहरूको पहिचान तथा प्राथमिकीकरण गरी अधिकांश कानुनहरू निर्माण भइसकेका छन् । नेपालको संविधान जारी भएपश्चात् हालसम्म १३१ वटा ऐन, नयाँ ऐन, ४६ वटा संशोधन ऐन र १३ वटा केही नेपाल ऐनलाई संशोधन गर्न बनेका ऐनहरू गरी १९० वटा ऐन निर्माण भएको अवस्था छ । साथै विभिन्न मितिमा जारी भएका केही नेपाल ऐनलाई संशोधन गर्ने ऐनबाट प्रचलित ऐनहरूलाई नेपालको संविधान अनुकूल बनाउने कामसमेत सम्पन्न गरिएको छ । नेपालको संविधानको धारा १६ देखि धारा ४६ सम्म विभिन्न ३१ वटा मौलिक हकको व्यवस्था छ । संविधानको धारा ४७ मा मौलिक हक कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने कानुन संविधान प्रारम्भ भएको तीन वर्षभित्र निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त संवैधानिक व्यवस्था कार्यान्वयनको लागि संवत् २०७५ असोज २ गते विभिन्न १६ वटा ऐनहरू जारी भएको माननीयहरूलाई स्मरण गराउन चाहन्छु । नागरिकको मौलिक हक प्राप्त गर्ने अधिकारको कार्यान्वयनको लागि जारी भएका ती ऐनअन्तर्गत बनाउनुपर्ने अधिकांश नियमावलीहरू बनिसकेका छन् । खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धित ऐन, २०७५ कार्यान्वयनको लागि बनाउनुपर्ने नियमावलीको मस्यौदा कानुन मन्त्रालयबाट तर्जुमा सहमति भई लिई सम्बन्धित मन्त्रालयले नेपाल सरकार मन्त्रिपरिषद्को

स्वीकृतिको लागि पेस गरिसकेको छ भने आवासको हकसम्बन्धी ऐनको कार्यान्वयन गर्न आवश्यक नियमावलीको मस्यौदा गरी सम्बन्धित मन्त्रालयले, अर्थ मन्त्रालयको सहमतिको लागि पठाएको छ । अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएपछि सो नियमावलीको मस्यौदामा कानुन मन्त्रालय तर्जुमा सहमति दिए नेपाल सरकारबाट स्वीकृति गर्ने प्रक्रिया तत्काल अगाडि बढ्ने छ । तसर्थ, मौलिक हकको कार्यान्वयनको लागि तत्काल आवश्यक पर्ने कानुनहरू बनाउने काम एक चरणमा सम्पन्न भइसकेको छ । भइरहेका कानुनहरूको निरन्तर सुधार गर्ने तथा कानुनहरू अपर्याप्त भएको अवस्थामा नयाँ कानुनको निर्माण गर्ने विषयमा राज्यका तीनवटै तहसँग समन्वय गरी अगाडि बढाइरहेको अवस्था छ र यसलाई निरन्तरता दिइने छ । मौलिक हकको कार्यान्वयनलाई थप प्रभावकारी बनाउनको लागि कानुनको अझ सुधार गर्न सरकार क्रियाशील रहेको छ । र केही विधेयकहरू संसदको यसै अधिवेशनमा पेस गर्ने गरी तयारी भइरहेको बेहोरा सम्माननीय अध्यक्ष महोदयमार्फत माननीय सदस्यहरूलाई अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, सङ्कल्प प्रस्तावमा औँल्याइएका सञ्चारसम्बन्धी हकको प्रचलनका सन्दर्भमा सूचना प्रविधिको प्रयोगलाई नियमन गर्ने सन्दर्भमा अनलाइन सञ्चार माध्यमको दर्ता र नियमनको सम्बन्धी विषय केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा समावेश भएकोमा सो विधेयक संसदीय प्रक्रियामा रहेको बेहोरा अनुरोध गर्दछु । साथै नेपाल मिडिया काउन्सिलसम्बन्धी विधेयकमा कानुन मन्त्रालयले तर्जुमा सहमति दिइसकेको छ भने राष्ट्रिय आमसञ्चार विधेयकको मस्यौदासमेत तयार भइरहेको छ । यी दुवै विधेयकहरू संघीय संसदको यसै अधिवेशनमा पेस गर्न सरकार तत्पर रहेको बेहोरा अनुरोध गर्दछु । कानुनी सहायता सम्बन्धमा हाल कानुनी सहायतासम्बन्धी ऐन, २०५४ प्रचलनमा रहेको छ । कानुनी सहायतालाई प्रभावकारी र संघीय संरचना अनुकूल बनाउने सन्दर्भमा नेपाल सरकारले एकीकृत र कानुनी सहयता मिति २०७६ जारी गरेको छ । नेपालको संविधान र नेपाल सरकारले अङ्गीकार गरेका नीतिबमोजिम निःशुल्क कानुनी सहायतासम्बन्धी छुट्टै विधेयक तर्जुमा गरी संघीय संसदमा पेस गर्न आवश्यक प्रक्रिया सुरु भइसकेको छ । उक्त विधेयकसमेत छिटै संघीय संसदमा पेस गरिने छ । भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि राष्ट्रिय भूमि आयोग क्रियाशील रहेको छ । संविधानमा नै राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्ने र आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नुपर्ने व्यवस्था छ । संविधानले गरेको उक्त व्यवस्था कार्यान्वयनको लागि भूमिसम्बन्धी सातौँ संशोधन ऐन, २०७५ जारी गरेको थियो । सो बमोजिम गर्नुपर्ने बाँकी काम सम्पन्न गर्नको लागि भूमिसम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्नुपर्नेको विधेयकको

प्रक्रियाको पूर्ण अगाडि बढेको छ । सो ऐनको संशोधन गर्न अन्य प्रचलित कानुनमा गर्नुपर्ने सुधारको विषयका सम्बन्धमा आवश्यक छलफल भइरहेको छ । उक्त विधेयकसमेत संघीय संसदको यसै अधिवेशनमा पेस गर्न सरकारले तयारी गरिरहेको बेहोरा अनुरोध गर्न चाहन्छु ।

माननीय सदस्यहरूले यातनाविरुद्धको हकसम्बन्धी विषय र निवारक नजरबन्दविरुद्धको हकसम्बन्धी विषयको सम्बन्धमा क्षतिपूर्तिसम्बन्धी कानुन आवश्यक भएको भनी चासो व्यक्त गर्नुभएको छ । क्षतिपूर्तिसम्बन्धी कतिपय विषय मुलुकी देवानी संहिता, २०७४ द्वारा व्यवस्थित छ भने फौजदारीका कसुरका पीडितलाई क्षतिपूर्ति दिने विषय मुलुकी अपराध संहिता, २०७४ ले समेटेको छ । यसै गरी अपराध पीडितको हकसम्बन्धी ऐन, २०७५ लगायतका अन्य विषयगत ऐनमा समेत क्षतिपूर्तिसम्बन्धी व्यवस्था गरेको छ । क्षतिपूर्ति भराउने प्रभावकारी व्यवस्थाको सन्दर्भमा मुद्दाको फैसला हुँदा पीडितले फैसलाबमोजिम पाउने क्षतिपूर्तिका अतिरिक्त कसुरदारबाट पीडितलाई औषधी उपचार, अन्तरिम क्षतिपूर्ति तथा राहत उपलब्ध गराउन संवत् २०७७ मा जारी भएको फौजदारी कसुर पीडित राहत कोष नियमावली, २०७७ बमोजिम पीडित राहत कोषबाट पीडितलाई अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउन सकेसम्मको व्यवस्था गरिएको छ । सो कोषबाट अन्तरिम क्षतिपूर्ति प्रदान भइरहेको छ । अथवा क्षतिपूर्तिसम्बन्धी एकीकृत कानुनको सम्बन्धमा थप अध्ययन तथा छलफल गरी निष्कर्षमा पुग्नुपर्ने हुन्छ ।

माननीय सदस्यहरूले संविधानको धारा २५ को उपधारा ३ बमोजिम राज्यले व्यक्तिको सम्पत्ति अधिग्रहण गरिदिनुपर्ने क्षतिपूर्तिको विषयलाई समेत उठाउनुभएको छ । प्रस्तुत विषयका सम्बन्धमा अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३, जग्गा प्राप्ति ऐन, २०३४ लगायतका कानुनहरू प्रचलनमा रहेका छन् । प्रस्तुत विषयलाई थप व्यवस्थित बनाउनको लागि जग्गा प्राप्ति सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदा सम्बन्धित मन्त्रालयले तयार गरिरहेको बेहोरा अनुरोध गर्दछु । संविधानको व्यवस्थाबमोजिम अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा सोसँग सम्बन्धित अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ जारी भएका छन् । साथै विद्यालय शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेस भई सम्बन्धित समितिमा छलफल भइरहेको विषय माननीय सदस्यज्यूहरूलाई अवगत नै छ । त्यसै गरी स्वास्थ्यसम्बन्धी मौलिक हकको लागि जनस्वास्थ्य ऐन, सेवा ऐन, २०७५ तथा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लगायतका ऐनहरू प्रचलनमा रहेका छन् । स्वास्थ्यसम्बन्धी मौलिक हकको व्यवस्थालाई थप प्रभावकारी बनाउनको लागि जनस्वास्थ्यसम्बन्धी कानुनहरूलाई एकीकृत गर्ने विषयमा थप अध्ययन र छलफलसमेत भइरहेको छ । त्यसै गरी महिलाको हकका विभिन्न आयामहरूलाई

समेट्ने गरी कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन, २०७१ परिमार्जन गर्नेसम्बन्धी कारबाही भइसकेको बेहोरा जानकारी गराउन चाहन्छु । संघ संस्था खोल्ने स्वतन्त्रतासम्बन्धी विषय संस्था दर्ता गर्ने ऐन, २०३४ र कम्पनी ऐन, २०६३ ले व्यवस्थित गरेको छ । साथै संघसंस्थाको दर्ता तथा सञ्चालनलाई संघीयता कार्यान्वयन बनाउनका लागि नयाँ विधेयक तर्जुमाको गृहकार्य हुँदै गरेको बेहोरा निवेदन गर्दै सार्वजनिक प्रयोजनको लागि नागरिकलाई राज्यले अनिवार्य काममा लगाउन सक्ने विषयको सम्बन्धमा समेत थप अध्ययन र छलफलका आधारमा निष्कर्षमा पुग्नुपर्ने देखिएको विषयसमेत अनुरोध गर्न चाहन्छु । त्यसै गरी नागरिकतासम्बन्धी कानुनको सम्बन्धमा नेपाल नागरिकता पहिलो संशोधन ऐन, २०७९ जारी भएको र सोको व्यवस्था कार्यान्वयनको लागि नेपाल सरकार नागरिकता तेस्रो संशोधन नियमावली, २०८० समेत नेपाल राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा आइसकेको छ । ऐन तथा नियमावलीमा भएको उक्त संशोधनको व्यवस्थाले नागरिकता प्राप्तिसम्बन्धी नागरिकको हक प्रचलनमा सहजता आएको छ ।

र सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधान र संघीयता कार्यान्वयन गर्ने विशेष वर्तमान सरकारको नीति तथा कार्यक्रमको कार्यान्वयन गर्नुपर्ने विषय राष्ट्रिय सभाको मिति २०७९/०२/२० मा गठित संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन, २०७९ तथा विधायन व्यवस्थापन समितिको संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० ले संविधान कार्यान्वयनका लागि बनाउनुपर्ने कानुनको पहिचान गरेका विषयसमेतका आधारमा संघीय संसदमा पेस गर्नुपर्ने सरकारी विधेयकको सम्बन्धमा सबै मन्त्रालयसँग छलफल गरी विधेयकको प्राथमिकता क्रम निर्धारण गरिएको छ । उक्त प्राथमिकताक्रम अनुसार सरकारले विधेयक तर्जुमाको कामलाई अगाडि बढाइरहेको बेहोरासमेत अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अन्त्यमा संविधानले प्रत्याभूत गरेको मौलिक हकको कार्यान्वयन गर्न निर्माण गर्नुपर्ने कानुन निर्माणको विषय तथा नेपालको संविधान र संघीयता कार्यान्वयन गर्नको लागि निर्माण गर्नुपर्ने कानुन निर्माणका सम्बन्धमा सरकार अत्यन्त गम्भीर रहेको बेहोरा जानकारी गराउँदै प्रस्तुत विषयमा यस सभामा भएको छलफलमा माननीय सदस्यहरूले व्यक्त गर्नुभएको विचारले समेत मौलिक हक कार्यान्वयन गर्न र संघीयता कार्यान्वयन गर्न आवश्यक पर्ने कानुन निर्माणमा नेपाल सरकारलाई र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीको हैसियतमा मलाई उर्जा मिलेको छ । प्रस्तुत सङ्कल्प प्रस्तावका प्रस्तावक र

समर्थक तथा सङ्कल्प प्रस्तावको छलफलमा भाग लिई महत्वपूर्ण विचार राखुहुने सबै माननीय सदस्यहरूलाई सम्माननीय अध्यक्ष महोदयमार्फत पुनः धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

(१५:२६ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, "मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन, २०८१" असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्ने सम्बन्धी सङ्कल्प प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन, २०८१" असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्ने सम्बन्धी सङ्कल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन, २०८१" असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्ने सम्बन्धी सङ्कल्प प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, सभाबाट सर्वसम्मतिले स्वीकृत "मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन, २०८१" असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्ने सम्बन्धी सङ्कल्प प्रस्तावमा उल्लेखित विषयहरूको कार्यान्वयनका लागि माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीले सभामा व्यक्त गर्नुभएको प्रतिबद्धतासमेतका आधारमा मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन आगामी २०८१ असोज ३ गतेसम्म बनाइसक्ने गरी विधेयकहरूको मस्यौदा तयार गरी प्राथमिकताको आधारमा संसदमा पेस गर्न नेपाल सरकारलाई निर्देश गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतलाई "सुरक्षित कारोबार पहिलो संशोधन विधेयक, २०८०" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१५:२८ बजे) **<u>माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महत</u>**:- सम्माननीय अध्यक्ष महोदय, विश्वव्यापीकरण, आर्थिक उदारीकरण र सूचना प्रविधिमा आएको परिवर्तनले आर्थिक क्रियाकलापको प्रकृति, प्रवृत्ति र पद्धतिमा समेत परिवर्तन आइरहेको छ । मुलुकको हित तथा

आर्थिक विकासका लागि विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणबाट आएका परिवर्तनहरू उपयोग गर्न अधिकतम आर्थिक क्रियाकलाप प्रवर्धन गर्नुपर्ने आवश्यकता रहेको छ । सो सन्दर्भमा कुनै पनि व्यक्ति तथा निकायहरूबाट राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा गर्ने कारोबारलाई सुरक्षित गर्न र व्यवस्थित बनाउन पनि आवश्यक छ । त्यसैअनुरूप यो प्रचलित सुरक्षित कारोबारसम्बन्धी कानुनको व्यवस्थालाई समयानुकूल बनाउनुपर्ने आवश्यकता रहेको म सम्माननीय अध्यक्ष महोदयमार्फत अनुरोध गर्न चाहन्छु । त्यसकारण सम्माननीय अध्यक्ष महोदय, विश्वव्यापीकरण, आर्थिक उदारीकरण र सूचना प्रविधिमा आएको परिवर्तनले आर्थिक क्रियाकलापको प्रकृति, प्रवृत्ति र पद्धतिमा समेत परिवर्तन आइरहेको सन्दर्भमा कुनै व्यक्ति तथा निकायबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा गर्ने कारोबारलाई सुरक्षित र व्यवस्थित बनाई सुरक्षित कारोबारसम्बन्धी कानुनी व्यवस्था समयानुकूल बनाउन आवश्यक भएकोले "सुरक्षित कारोबार पहिलो संशोधन विधेयक, २०८०" सम्मानित सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१५:३० बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित विधायनसम्बन्धी विधेयक, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१५:३१ बजे) **<u>माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित विधायनसम्बन्धी विधेयक, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१५:३१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित विधायनसम्बन्धी विधेयक, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित विधायनसम्बन्धी विधेयक, २०८०" माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु । उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई तीन मिनेटभित्र उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यलाई तीन मिनेटको समय निर्धारण गरेको छु । माननीय सदस्य मायाप्रसाद शर्मा ।

(१५:३२ बजे) **माननीय श्री मायाप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, यो विधायन व्यवस्थापनसम्बन्धी विधेयक जो आएको छ बढी महत्त्वको छ र यो विशेष गरेर प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको विषय बनेर व्यापक छलफल पनि भएको थियो र निर्देशन पनि गएको थियो। र त्यसपछि गएर विधायन समितिले पनि महत्त्व राख्दै यसलाई ल्याएको छ । विधेयकहरू छितरिएर रहेको, प्रत्यायोजित विधायनहरू छरपष्ट रहेको स्थितिमा यो विधेयकले एउटा जुन प्रकारको कानुनहरूलाई एउटा मर्यादित बनाउने कुरा र आवश्यकतामा ल्याउने कुराहरूमा पनि विशेष महत्व राखेको स्थिति छ। र जुन हामीले यो प्रत्यायोजित विधायन विशेष गरेर छरपष्ट रहेर आएको स्थिति र उसको कानुन नबनेको, कानुनसम्मत नभएको र कुनै न कुनै ढंगले अन्तरविरोधी भइराखेको स्थितिमा जुन प्रकारको यो उसलाई विधायनहरूलाई व्यवस्थापन गर्नका निमित्त आवश्यक थियो। त्यही आवश्यकता अनुसार नै यो विधेयक आएको छ। र यसलाई अवश्य पनि यो कार्यान्वयन भएर गएको खण्डमा नेपाल कानुनी राज्य भएको अनुभूति गर्ने र विधायनको व्यवस्थापन, छितरिएर रहेका विधायनहरूलाई पनि व्यवस्थापन गरेर जानका निमित्त विशेष जोड गर्ने स्थिति छ। हामीले व्यवस्थापन समितिमा धेरै प्रकारका छलफलहरू, बहसहरू गर्यौं र त्यहाँ हेर्दै जाँदाखेरि यति छरपष्ट ढंगले विधायनहरू बन्ने स्थिति गएको छ। र त्यसलाई अध्ययन गर्दाखेरि जसरी एउटा कुनै पनि छेउ टुप्पो नहुने स्थिति छ। यसले कानुनलाई एउटा अनिवार्य रूपले सिस्टममा लिनका निमित्त र विधेयकहरू, निर्माण भएका कानुन कति कानुन बने भनेर भन्ने कुरालाई पनि लिनका निमित्त यसले मद्दत गरेको छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय तुलसा कुमारी दाहाल ।

**(१५:३४ बजे) माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- महोदय विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक चाहिँ हामी पारित गर्न लागेका छौं । विधेयकको मस्यौदा तयारीका क्रममा पूरा गर्नुपर्ने प्रक्रिया अध्ययन, अनुसन्धान, आवश्यक विषयमा चाहिँ कार्य सम्पन्न गरी संसदमा पेस गर्नुभन्दा अगाडि गर्नुपर्ने सम्पूर्ण कामहरूको कार्यहरूको व्यवस्था गरेको छ । प्रत्यायोजित विधायन संविधान र ऐनको परिधिभित्र रही बन्नुपर्ने, प्रत्यायोजित विधायन पुनः प्रत्यायोजित गर्न नहुने, सारवान विषय, दण्ड सजाय, कर निर्धारण, योग्यता निर्धारण जस्ता विषय नियमावली र निर्देशिकामा र मापदण्डमा राख्न नहुने कुराहरू यसमा छन्। र पश्चातदर्शी असर पर्ने गरी पनि बनाउन नहुने विषयहरू चाहिँ व्यवस्थापन गरिएको छ। मौलिक हकसम्बन्धी कानुनलाई प्रतिबन्ध लगाउन नहुने कुरा ऐन बनेपछि बन्नुपर्ने सहायक कानुन निश्चित समयभित्र बन्नुपर्ने वा बनाउनुपर्ने प्रावधान राखिएको छ । प्रत्यायोजित विधायन नेपाल सरकार, प्रदेश सरकार, संवैधानिक अङ्ग, प्रतिष्ठानहरू, कानुन बमोजिम गठित निकायहरू, सर्वोच्च अदालतसमेतले बनाउनुपर्ने गर्दछन् । तर विकास समिति ऐन २०१३ को दफा ३ अनुसार गठन आदेशअनुरुप बनेका संरचनाहरूलाई पनि नियम बनाउने अधिकार गरिएको छ। र र यो विधेयकमा विधेयकको दफा २५ को ४ मा चाहिँ गरिएको छ । यसलाई चाहिँ हटाउँदा राम्रै हुन्थ्यो यो व्यवस्थै छ यसमा। प्रकाशन, अभिलेख र व्यवस्थापनको विषय महत्त्वपूर्ण रहेको छ कतिपय मन्त्रालयमा कति प्रत्यायोजित विधायन भन्ने कुरो यकिन थिएन अब यो ऐन बनेपछि एकिन हुनेछ र यो ऐन बनेपछि आगामी दिनमा प्रत्यायोजित विधायनहरूको पनि अभिलेख तयार हुनेछ। म नेपाल सरकार कानुन तथा संघीय मामिला मन्त्रालयलाई का माननीय मन्त्रीज्यूलाई माननीय मन्त्रीज्यूलाई पनि धन्यवाद दिन चाहन्छु । लामो छलफलपछाडि चाहिँ यो विधेयक यो चाहिँ आएको छ। र समिति प्रत्यायोजित व्यवस्थापन तथा आश्वासन समितिले निर्देशन बमोजिम आएको हुनाले म यसलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्य मदनकुमारी शाह गरिमा।

(१५:३६ बजे) **<u>माननीय सदस्य मदनकुमारी शाह गरिमा (नेकपा एकिकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको निर्देशन बमोजिम सभामा विधायन व्यवस्थापन सम्बन्धी विधेयक आएको छ। विधायन व्यवस्थापन समितिले यसलाई समृद्ध बनाएको छ। र यो विधेयक ल्याउनुभएकोमा म माननीय कानुन तथा संसदीय मन्त्रीज्यूलाई पनि धन्यवाद दिन चाहन्छु। र आज हामी यसमाथि छलफल गरिरहेका छौं र पारित गर्ने क्रममा छौं। यो विधेयक पारित भई लागु भइसकेपछि विधायन निर्माण प्रक्रिया पारदर्शी र सहभागितामूलक हुनेछ । विधायनमा गुणस्तरीय र एकरुपता कायम हुनेछ। प्रत्यायोजित विधायनको सीमा र प्रकृति तोक्ने काम भएको छ यस व्यवस्थाबाट प्रत्यायोजन गरिएका विषयमा बन्ने कानुनमा रहेका विकृति हट्ने छन् । विधायन कार्यान्वयनको पाँच वर्षपछिको पहिलो वर्षभित्र कानुनको प्रभावकारी कार्यान्वयनको मापन गर्ने व्यवस्था छ। प्रत्यायोजित विधायनमा एकरुपता तथा गुणस्तरीयता कायम हुनेछ। विधायनको अभिलेख तथा प्रकाशन गरिने कार्यलाई व्यवस्थित गर्न सकिनेछ। यो विधेयक आवश्यक छ तसर्थ यसलाई हामीले सर्वसम्मत पारित गर्नुपर्छ भन्ने आफ्नो विचार राख्दै बिदा हुन्छु धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय प्रकाश पन्थ ।

(१५:३८ बजे) **<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामीले संसदमा निरन्तर उठाएको विषय थियो यो, अनि समितिहरूमा पनि निरन्तर अभ्यास गरेको विषयहरू नै थियो, यो विधेयकका रूपमा आएको छ । यसलाई एकदम हामी स्वागत पनि गर्न चाहन्छौं र एकदमै ठिक पनि भ'को छ । कहिलेकाहीं विधेयकहरूलाई चाहिँ सामान्य तौर तरिका पनि विधेयकको ढङ्गमा चाहिँ सामान्य तौर तरिका पनि बिगारेर सरकारले विगतमा विधेयकहरू थुप्रै ल्यायो । कतिपय विधेयकहरू सडक र सदनमा पनि त्यसको विरोधहरू भए भने, कतिपय विधेयकहरू संविधान प्रतिकूलका पनि आए भनेर पनि धेरै आवाजहरू उठ्यो । र नागरिकका सहभागिताविना पनि थुप्रै विधेयकहरू बने भन्ने कुराहरू विगतमा थुप्रै लामो समयसम्म त्यो कुराहरू उठेको थियो । र यिनै कुराहरूलाई चाहिँ मिलाउने गरी, यी सबै कुराहरूको नागरिकको पनि सहभागिता बढाउने गरी र विधेयकको ढङ्ग चाहिँ पूर्ण तरिकाले चाहिँ अगाडि बढाउने गरी एउटा विधेयकको पनि मास्टर विधेयकका रूपमा चाहिँ यो विधेयक, विधायन विधेयक आएको छ । यसले एकदम एउटा कोसे ढुङ्गा पनि साबित भ'को छ कि अबदेखि हरेक

विधेयकहरू पूर्ण ढङ्ग, पूर्ण तरिकाले अगाडि आउने छन् भन्ने हामीले यसलाई विश्वासमा लिन सकिन्छ ।

यो विधायन व्यवस्थापन समिति र त्यतिबेला यो प्रत्यायोजित व्यवस्थापन समितिमा लगातार यी विषयहरूमा छलफल भएपश्चात त्यतिबेलाका माननीय सदस्यहरू राधेश्याम अधिकारी माननीयज्यू, माननीय रामनारायण बिडारी माननीयज्यू र माननीय पशुराममेघी गुरुङसमेतको, हामी सबैको कोसिस प्रयासमा चाहिँ यो विधेयकहरू अगाडि बढेको र यसलाई स्थापित रूपमा अगाडि ल्याउन सकेको छ । अब यसले हाम्रो प्रत्यायोजित अधिकारको दुरुपयोगलाई पनि रोक्ने कोसिसहरू यसले गरेको छ । नागरिकको सहभागितालाई बढाउने कुराहरू गरेको छ । एउटा कानुन मन्त्रालयको एउटा कोठामा, कुनै मन्त्रालयको एउटा कोठामा एउटा मान्छेले बनाएको विधेयक सिधै चाहिँ संसदमा आउँदाखेरि त्यहाँ नागरिक सहभागिता भएन, सिभिल स्पेस भएन भन्ने कुरा पनि उठ्यो । ती सबै कुराहरूलाई उठाउने गरी केही न केही यसले कोसिसहरू गरेको छ । र यो विधेयकले आगामी दिनहरूलाई उत्कृष्ट रूपमा विधायन व्यवस्थापनमा र यो प्रत्यायोजित अधिकारको दुरुपयोग रोक्ने क्रममा सारवान् कुराहरूलाई विधेयकमै हालेर जाने कुरा र खाली procedural कुराहरू मात्रै चाहिँ नियमावलीमा राखेर जाने कुराहरूमा यसले चाहिँ एउटा दिशा निर्देश गर्ने छ । सबै हिसाबले यो एकदम ठिक छ । यसको स्वागत गर्दै आफ्नो भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>** :- माननीय सदस्य सुरेश कुमार आले मगर ।

**(१५:४० बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीय मन्त्रीज्यूमार्फत जुन एउटा विधेयक प्रस्तुत भएको छ । यो विधेयक को महत्वबारे र आवश्यकताबारे मैले भनिरहनुपर्दैन । एउटा के कुरा यहाँ राख्न चाहन्छु भने यो विधेयक राष्ट्रिय सभामा उत्पत्ति भएको विधेयक हो । हाम्रा अग्रज माननीयज्यूहरूले यो यो विवेकपूर्ण तरिकाले पेस गर्नुभएको थियो । र राष्ट्रिय सभाको मलाई के लाग्छ भन्दाखेरि यो विधेयकको निर्माण एउटा महत्वपूर्ण उपलब्धि हो । हुन त राष्ट्रिय सभा कतिपय कारणले अलिकति केही त्यसको चाहिँ बेइज्जत पनि भएको होला, टिकाटिप्पणी भएको होला तर यस्ता यस्ता महत्वपूर्ण कदमहरू राष्ट्रिय सभाले चालेको थियो । त्यसको परिणाम हो यो विधेयकको निर्माण, विधायनसम्बन्धी विधेयक । यो विधेयक यसकारण पनि आवश्यकता पर्‍यो कि विधायन विधेयकको निर्माण गर्दाखेरि कतिपय ठाउँमा तौर तरिका नपुग्ने, कतिपय

अन्योल हुने, कतिपय अस्पष्टता हुने, कतिपय विधेयकहरू चाहिँ अन्तरविरोधी पनि हुने त्यसकारणले र ती कारणले गर्दाखेरि कानुन मन्त्रालयले सम्बन्धित निकायलाई त्यो विधेयक फर्काइदिने पनि स्थिति थियो । त्यसकारणले गर्दाखेरि यस्तो यी सबै कुराहरूलाई यी सबै पाटा, पक्षहरूलाई चाहिँ महसुस गरेर, विचार गरेर एउटा विधेयकको जुन विधेयक निर्माण गरियो त्यो विधेयक हामीले विधायन व्यवस्थापन समितिमा पनि व्यङ्गात्मक ढङ्गले छलफल गरेका थियौं । त्यो विधेयक यतिबेला यहाँ राष्ट्रिय सभा समक्ष आइपुगेको छ । यो पारित हुने चरणमा पनि जाँदैछ, त्यसैले यो विधेयकले यी सबै पाटा, पक्षलाई ध्यान दिएर त्यस्ता अन्यौलहरूलाई चिर्ने, अस्पष्टतालाई पनि हटाउने, त्यसैगरी विधेयकहरूको निर्माणमा एकरुपता पनि कायम भएको हुनाले यो विधेयकलाई म समर्थन गर्न चाहन्छु । आशा छ आगामी दिनमा विधेयक निर्माताहरूलाई विधेयक कसरी निर्माण गर्ने भन्ने लगायतका विषयमा यसले महत्वपूर्ण पाठ दिनेछ, शिक्षा दिनेछ, केही महत्वपूर्ण कुराहरू यसले बताउने छ भन्ने आशा गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>** :- माननीय सदस्य देवेन्द्र दाहाल।

(१५:४२ बजे) **<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, नेपालमा कानुन बन्ने सन्दर्भमा एउटा सिस्टमको डेभलप भएको थिएन । केही कानुनहरू आउने, विधेयकहरू आउने मन्त्री वा सरकारको इन्ट्रेस्टमा आउने र विभिन्न इन्ट्रेस्ट ग्रुपहरूको चाहिँ उद्देश्य अनुरूप चाहिँ सरकारले विधेयकहरू ल्याउने । यस्तो खालको कुराहरू थियो । त्यसलाई चाहिँ अब यसपटक यो विधायन व्यवस्थापनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकले चाहिँ यी विषयलाई अलि व्यवस्थित गरेर ल्याएको छ । यो विषयमा प्रत्यायोजित विधायन तथा सरकारी आश्वासन समिति र विधायन व्यवस्थापन समितिले उत्तिकै आवाज उठाएको थियो । र यहाँ माननीयज्यूहरूले पनि संसदमा आवाजहरू उठाउनु भएको थियो । त्यसको आधारमा यो विधेयक आएको छ, यसको लागि म सरकारलाई धन्यवाद दिन चाहन्छु । र यसमा प्रत्यायोजित विधायनसम्बन्धी व्यवस्था नै छैन । र हामीले बिस्तारै बिस्तारै के गर्न खोजेका छौं भने यो प्रत्यायोजित विधायनलाई बिस्तारै बिस्तारै हटाउने र नियमावलीहरूलाई पनि कानुन कानुन लागू गर्दा सँगसँगै लिएर आउने, यो स्थापित गर्न खोजेका छौं । र यसले अझै यो ज्येष्ठ मसान्तसम्ममा विधेयकहरू चाहिँ संसदमा दर्ता गरिसक्नुपर्ने, ल्याइसक्नुपर्ने सम्बन्धित मन्त्रालयले भन्ने व्यवस्था गऱ्या छ । त्यसकारणले गर्दाखेरि यो विधायनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक चाहिँ अहिलेको अवस्थामा कानुनलाई व्यवस्थित गर्नका लागि आएको छ । र

यो एकदमै स्वागत योग्य कुरा छ र म सरकारलाई धन्यवाद दिन चाहन्छु । र अर्को एउटा विषय उठाउन चाहन्छु, त्यो के हो भने संविधानले र हाम्रो नियमावलीले हामीलाई एउटा अधिकार प्रदत्त गऱ्याछ । के हो भन्दाखेरि सांसदहरूले पनि निजी विधेयक ल्याउन पाउने । र सांसदहरूले ल्याउने निजी विधेयकलाई पनि यसले व्यवस्थित गर्ने छ । यसलाई यसलाई आधार मानेर यसका प्रावधानहरूलाई आधार मानेर निजी विधेयकहरू पनि ल्याउनका लागि अलि सजिलो भएको छ । त्यसकारण म सांसदहरूको तर्फबाट पनि हामीहरूले पनि विधेयक निर्माण गर्ने सन्दर्भमा निजी विधेयकहरू निर्माण गर्ने सन्दर्भमा भूमिका निर्वाह गर्नुपर्छ भन्ने म अनुरोध गर्न चाहन्छु र म एउटा कुरो यहाँ यस अवसरमा के भन्न चाहन्छु भने यो निजी विधेयकको प्राक्टिस चाहिँ हाम्रो देशमा अलि कम रहेको छ । र यो निजी विधेयक ल्याउने सन्दर्भमा यो विधायन व्यावस्थापन गर्न बनेको विधेयक जुन छ, यस विधेयकलाई आधार मानेर निजी विधेयकहरू ल्याइनुपर्छ र सरकारले पनि निजी विधेयक ल्याउन प्रोत्साहन गर्नुपर्छ । किनभने विधेयक अथवा कानुन भनेको सबै जनताका लागि ल्याउने हो । सांसदहरू भनेका पनि जनताका प्रतिनिधि हो। धन्यवाद ।

(१५:४५ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्यहरू, व्यवस्थापन समितिको प्रतिवेदन सहित विधायनसम्बन्धी विधेयक, २०८० माथि छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१५:४५ बजे) **माननीय श्री धनराज गुरुङ (कानुन न्याय तथा संसदीय मामिला मन्त्री)**:- सम्माननीय अध्यक्ष महोदय, छलफलको क्रममा ६ जना माननीय सदस्यहरूले आफ्नो कुरा राख्नुभएको छ र छ नै जना माननीय सदस्यहरूले स्वागत गर्नुभएको छ । उहाँ आफैले सर्वसम्मत पास गरौं भन्नुभएको छ । अब बाँकी नबोल्नुभएका माननीय सदस्यहरूको हकमा मौनतम स्वीकृतम नै हो भन्ने मलाई लाग्छ । त्यसकारण मैले धेरै व्याख्या र विश्लेषण यहाँ गरिरहनु परेन सम्माननीय अध्यक्ष महोदय । त्यसो भएको कारणले गर्दाखेरि यो विधायन व्यवस्थापन समितिमा विधेयकलाई थप समृद्ध बनाउन घनीभूत छलफल गरी योगदान गर्नु भएका माननीय सदस्यहरू, यहाँ चाहिँ धेरै क्रममा धेरै पल्ट छलफल भएको छ । सबै माननीय सदस्यहरूलाई अहिले छलफलको क्रममा भाग लिएर यसलाई सर्वसम्मतले चाहिँ हामीले पारित

गरौं भन्ने र प्रस्तावै राख्ने माननीय सदस्यज्यूहरू पनि र मौनतम स्वीकृतम गर्ने माननीय सदस्यहरूलाई पनि सम्माननीय अध्यक्ष महोदय मार्फत हार्दिक धन्यवाद व्यक्त गर्दै समितिको प्रतिवेदन प्रस्तुत विधायनसम्बन्धी विधेयक पारित गरिदिनुहुन माननीय सदस्यहरूलाई विनम्र सादर अनुरोध गर्दछु । धन्यवाद ।

**(१५:४७ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>** :-माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "विधायनसम्बन्धी विधेयक, २०८०" माथि छलफल गरियोस् भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "विधायनसम्बन्धी विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या १ देखि २७ सम्म उल्लेखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ "भन्नु" होला र यसको विपक्ष हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "विधायनसम्बन्धी विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २७ सम्मम उल्लिखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म "विधायनसम्बन्धी विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २७ सम्म उल्लेखित संशोधनहरू "विधायनसम्बन्धी विधेयक, २०८०" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरू "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "विधायनसम्बन्धी विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २७ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले "विधायनसम्बन्धी विधेयक २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ३७ सम्मका दफाहरू "विधायनसम्बन्धी विधेयक २०८०" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरू "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भने आवाज सुनिएन । तसर्थ विधेयकको दफा २ देखि ३७ सम्मका दफाहरू सर्वसम्मतिले "विधायनसम्बन्धी विधेयक २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

**<u>प्रस्तावना</u>**ः विधायन तर्जुमामा पारदर्शिता कायम गरी जनसहभागिता अभिवृद्धि गर्न, गुणस्तरीय विधायन निर्माण गर्न, प्रत्यायोजित विधायनको सिमा निर्धारण गर्न, विधायनको प्रकाशन र अभिलेखलाई व्यवस्थित बनाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस ऐनको नाम "विधायन ऐन २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम "विधायनसम्बन्धी विधेयक २०८०" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "विधायनसम्बन्धी विधेयक २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई "विधायनसम्बन्धी विधेयक २०८०" लाई पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**(१५:५० बजे) माननीय श्री धनराज गुरुङ(कानुन न्याय तथा संसदीय मामिला मन्त्री)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "विधायनसम्बन्धी विधेयक २०८०" पारित गरियोस् भन्ने प्रस्ताव सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**(१५:५० बजे) सम्माननीय अध्यक्ष**:-माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ भन्नुहोला र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "विधायनसम्बन्धी विधेयक २०८०" लाई पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल फागुन १४ गते सोमवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल फागुन १४ गते सोमवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १५:५१ बजे ।**